Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- २७ २०८१ साल फागुन् १३ गते मंगलबार (Feb 25, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## राष्ट्रपति पौडेलसाग भारत, भूटान र माल्दिभ्सका प्रतिनिधिहरूको भेट

■ मोहन कार्की

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलसँग युवा आदान-प्रदान कार्यक्रम, २०२५ मा सहभागी हुन नेपाल आएका भारत, भूटान र माल्दिभ्सका 'राष्ट्रिय क्याडेट कोर' (एनसिसी) का प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छन् ।

महाशिवरात्रि तथा नेपाली सेना स्थापनाको २६२ औं वार्षिकोत्सवका अवसरमा काठमाडौंमा आयोजना हुने युवा आदान-प्रदान कार्यक्रममा सहभागी हुन आएको ती देशको टोलीले राष्ट्रपति निवास, शीतल निवासमा भेट गरेको हो ।

नेपाली सेनाले छिमेकी राष्ट्रका सेनासँगको आपसी सम्बन्धलाई थप सुदृढ तुल्याउन ' क्याडेट'बीच सीप, संस्कृति र परम्पराको आदान-प्रदान गर्दै आएको छ । राष्ट्रपति पौडेल नेपाली सेनाका परमाधिपति हुन् । यस किसिमको युवा आदान-प्रदान कार्यक्रमले एकापसमा सामाजिक, आर्थिक र सांस्कृतिक यथार्थहरूको बुझाइमा सहयोग पुग्ने तथा आपसी सम्बन्धलाई अझ सुमधुर एवं प्रगाढ बनाउन भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ ।



राष्ट्रिय सेवा दल (एनसिसी)बाट प्रदान गरिने तालिम प्रशिक्षणले युवाहरूलाई एकत्रित गरी बफादार, अनुशासित र जिम्मेवार नेतृत्वकर्ता तथा असल नागरिकका रुपमा रूपान्तरण गरिदैं आएको छ । एनसिसीले असल अभ्यासको आदान-प्रदानसहित युवाहरूमा राष्ट्रियता, देशभक्ति, नेतृत्व, आत्मविश्वास र राष्ट्रसेवाजस्ता गुणहरू विकास तथा प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ ।

यही फागुन ९ गते नेपाल आएको सो भ्रमण टोलीमा ३४ जना प्रतिनिधि रहेको छ । भेटका अवसरमा नेपालको राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक उपरथी यामप्रसाद ढकाल, भारतको एनसिसीका महानिर्देशक गुरवीरपाल सिंह, भूटान स्काउट एसोसिएसनका निर्देशक साङ्गे चोदेन र माल्दिभ्सका प्रतिनिधिमण्डलका प्रमुख रिफान अलीलगायत सहभागी भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

## हरिहरपुरगढी–सिन्धुलीगढी एकिकरण पदमार्गमा नेपाली सेनाको आठ दिने पदयात्रा शुरु



**काठमाडौं–** नेपाली सेनाले ऐतिहासिक गढी तथा किल्लाहरूको संरक्षण, पर्यटन प्रवर्द्धन, पुर्खाको सम्मानका लागि पदयात्रा सुरु गरेको छ ।

इतिहासलाई जगेर्ना गर्ने उद्देश्यले सिन्धुली जिल्लामा रहेको ऐतिहासिक दुई गढीहरु जोड्ने हरिहरपुरगढीबाट सिन्धुलीगढीसम्म पदयात्रा फागुन ७ गते बुधबारबाट शुरु गरेको हो । उक्त पदयात्राको उद्घाटन कार्यक्रम हरिहरपुरगढी गाउँपालिका वडा नं. १ स्थित ऐतिहासिक हरिहरपुरगढीमा श्री नं. ९ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी श्री युवराज कार्की, सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी, हरिहरपुरगढी गाउपालिकाका अध्यक्ष, श्री भवानीबक्स गणका गणपति, श्री नं. ९ वाहिनी अड्डा अन्तरगतका युनिटपतिहरु, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधीहरु, जिल्ला स्थित सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधी, जिल्ला स्थित जनप्रतिनिधि, विद्यार्थी तथा स्थानिय ब्यक्तिहरुको सहभागितामा सम्पन्न भएको हो ।

करिब ७५ कि.मि. दुरी पदयात्रा ८ दिनमा पुरा गर्ने योजना अनुसार नेपाली सेनाको टोलीलाई हरिहरपुरगढी गाउँपालिकाका अध्यक्षले पदयात्राको झण्डा हस्तान्तरण गरि ऐतिहासिक हरिहरपुरगढीबाट भब्यताका साथ बिदाई गरिएको छ ।

साथै, उक्त पदयात्राको समापन कार्यक्रम मिति फागुन १४ गते कमलामाई नगरपालिका वडा नं. ३ स्थित ऐतिहासिक सिन्धुलीगढीमा महाशिवरात्री तथा सेना दिवसको उपलक्ष्यमा विशेष कार्यक्रमका साथ पदयात्रा समापन गर्ने योजना रहेको छ ।

## प्रधानमन्त्रीले दिए प्रजातन्त्र दिवसको शुभकामना



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले 'राष्ट्रिय प्रजातन्त्र दिवस'का अवसरमा शुभकामना व्यक्त गरेका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत उनले गौरवपूर्ण एवं ऐतिहासिक यस दिनमा सम्पूर्ण लोकतन्त्रप्रेमी नेपालीहरूमा दिवसको शुभकामना व्यक्त गरेका हुन् ।

'फागुन ७ गते हामी नेपालीको जीवनमा सर्वाधिक महत्वको दिन हो, बलिदानपूर्ण सङ्घर्षद्वारा आफूलाई रैतीबाट जनताको दर्जामा पुर्याएको दिन हो', प्रधानमन्त्री ओलीले नेपालको नक्साँसँगै नेपालको राष्ट्रिय झण्डा ' पोष्ट' गर्दै लेखेका छन्, 'जहानियाँ शासनविरुद्ध जीवन उत्सर्ग गर्नुभएका शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलगायत अमर सहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली र सम्मान ।

## नेपाल मेडिकल कलेजको रजत जयन्तीमा प्रधानमन्त्री आउँदै

**काठमाडौं–** नेपाल मेडिकल कलेजले स्थापनाको २५ औं वर्ष (रजत जयन्ती) भब्यताका साथ मनाउने भएको छ ।

कलेजले आज एक विज्ञप्ती जारी गर्दै फागुन १३ गते प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा रजत जयन्ती भब्यताका साथ मनाउन मनाउन लागेको जनाएको छ ।

अध्यक्ष प्रा.डा. जैनुद्धिन अन्सारीले नेपालको चिकित्सा शिक्षा, स्वास्थ्य सेवा र अनुसन्धानका क्षेत्रमा पहिलो पटक 'नेपाल र नेपालीका लागि नेपाली लगानी' भन्दै २०५६ सालमा स्थापना भएको नेपाल मेडिकल कलेजको रजत जयन्तीमा विशेष कार्यक्रम आयोजना गर्न लागिएको जनाउनु भएको छ ।


रजत जयन्तीको अवसरमा आयोजित विशेष समारोहमा प्रमुख अतिथीको रुपमा प्रधानमन्त्री केपी शर्मा ओली, विशिष्ट अतिथीमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कानुनमन्त्री लगायतको उपस्थिति रहने कार्यक्रम छ ।




रजत जयन्तीकै अवसरमा कलेजको रजत जयन्ती स्तम्भ अनावरण, नवनिर्मित डेण्टल भवनको उद्घाटन तथा रजत जयन्ती स्मारिका लोकार्पणको कार्यक्रम छ । यस्तै गरी कार्यक्रममा कलेज स्थापनामा महत्वपूर्ण योगदान पुर्याउनु हुने संस्थापकहरुलाई सम्मान समेत गरिने कार्यक्रम छ ।

अध्यक्ष प्रा.डा. अन्सारीले चिकित्सा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने,

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २७, २०८१ साल फागुन् १३ गते मंगलबार (Feb 25, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### ईतिहास बनाउने काम महत्वपूर्ण हो । त्यो रास्वपाले गर्दैछ ।

*संसारमा ईतिहास त्यतिकै बन्दैन । ईतिहास बनाउन धेरै मेहनत, कडा परिश्रम, निरन्तरता जस्ता विषयहरु महत्वपूर्ण हुन्छन् । त्यस्तै कडा मेहनत, परिश्रम, निरन्तरता राष्ट्रिय स्वतन्त्र पार्टी रामेछापळे गरेको छ ।*

*पार्टीका सभापति रवि ळामिछानेळे देशका बिभिन्न ठाउमा पैदळ यात्रा गरेर जनताको भावना बुझ्न एक वर्ष अगाडी पैदळ यात्रा गरेका थिए । अहिळे त्यहि प्रकृतिको सुरुवात रामेछापको उमाकुण्ड गाउँपाळिकाळे रामेछाप जिल्ळाकै पहिळो वडा अधिवेशन सम्पन्न गर्न र ामेछापको उमाकुण्ड गाउँपाळिका गुम्देळवाट गरेको छ । उक्त वडाको अधिवेशन गर्न उमाकुण्ड गाउँपाळिका समिति, जिल्ळाका पदाधिकारीहरु, बागमती प्रदेश सदस्य ळगायत टोळी बाम्ती भण्डारवाट पैदळ यात्रा गरी गुम्देळ पुगेर गुम्देळवाट पैदळ यात्रा नै गरी बाम्ती, कुभुकास्थाळी, प्रीति ७, प्रीति ४, गुप्तेश्वर, भुजिसम्म नेपाळको राष्ट्रिय झण्डा र राष्ट्रिय स्वतन्त्र पार्टीको झण्डा बोकी वडा अधिवेशन सम्पन्न गर्न सफळ भएका छन् ।*

*उमाकुण्ड गाउँपाळिकाका सभापति नवराज बस्नेतळे उमाकुण्ड गाउँपाळिका भित्र सवै वडामा वडाका भूगोळ र जनताको अवस्था कस्तो रहेछ भन्ने बुझ्नको ळागि उक्त अभियान चळाएका थिए । जुन अभियान एतिहासिक ईतिहासमा उल्ळेख गर्न ळायक देखिन्छ ।*

*रामेछापको सवैभन्दा अन्तिम पाळिका प्राकृतिक रुपमा सुन्दर, हराभरा तर विकासको दृष्टिकोणळे पछाडी परेको उमाकुण्ड गाउँपाळिकाळाई चिनाउन र यसको महत्व बुझाउन राष्ट्रिय स्वतन्त्र पार्टी रामेछापळे वडा अधिवेशनमा पैदळ यात्रा गरेर देशका नागरिकहरुळाई सन्देश दिन खोजिएको देखिन्छ ।*

*८ दिनसम्म निरन्तर हिडेर अर्थात पैदळ यात्रा गरेर रास्वपा उमाकुण्ड गाउँपाळिका वडा अधिवेशन सम्पन्न गरेको यो कठिन, वडा परिश्रम, निरन्तरता कोही नथाकी पैदळ यात्रा गरेर अप्ठ्यारा वाटोहरुळाई छिचल्दै गरेको काम नै ईतिहास बनेको छ ।*

# देशको अवस्था र अबको बाटो



**बालकृष्ण मैनाली**

घरदेखि समाज, समाजदेखि राष्ट्र र राष्ट्रदेखि विश्वसम्म नै सम्पूर्ण मानवको बाँच्ने आधार भनेको प्रकृतिले प्रदान गरेका केही विधि र जनजनको सहयोगमा राज्यसत्ताले निर्माण गरी स्थापित गरिदिएका विधिहरु नै हुन् ।

समय र कालअनुसार दुवै विधि एकैचोटि वा फरक-फरक समयमा परिवर्तन हुन सक्छ । तर प्रकृतिले प्रदान गरेको प्रायः अपरिवर्तनीय हुन्छ । अपरिवर्तनीय नियममा किञ्चित तल-माथि नगरीकन पालना गर्न सक्यो भने मानवले बाँचुन्जेल खासै कष्ट व्यहोर्नुपर्दैन ।

कथंकदाचित जानेर वा नजानेर त्यो विधिलाई मानवले तोड्ने प्रयास गऱ्यो भने मानवअंगले दुःख पाइछाड्छ । यस कुरामा कतै विमति छैन । सामान्य उदाहरणका लागि प्रकृतिले पाँच ज्ञानेन्द्रियहरु मानवलाई प्रदान गरेको छ, जसमध्ये नाक र मुख पनि हो । प्रकृतिले नाक र मुखको विधि तोकिदिएको छ, जसमध्ये नाकको एउटा महत्वपूर्ण कार्य श्वास लिनु र फाल्नु हो भने मुखका कामहरुमध्ये एउटा भोक लागेको बेलामा वा आवश्यकताअनुसार अन्न ग्रहण गर्नु हो अनि आफ्नो भनाइ बोलेर व्यक्त गर्नु हो ।

यदि मानवले प्रकृतिको विधिलाई मिचेर कानबाटै अन्न ग्रहण गरी आफनो भोक-प्यास मेट्ने प्रयास गऱ्यो भने के होला ? अथवा नाक र मुख दुवैलाई बन्द गरिदियो भने मानव कति अवधिसम्म जीवित रहला ? पक्कै हो यदि कुनै मानवले यस्तो कार्य गर्छ भने त्यो मानवको अंगले दुःख पाउँछ-पाँउछ वा जीवन परित्याग गर्ने अवस्थामा पुग्छ ।

त्यस्तै देशलाई सुखी-समृद्धि बनाउन चालिने थुप्रै आधारमध्ये विधिको शासनलाई एउटा महत्वपूर्ण आधार मानिन्छ । सुखी परिवार वा सुखी समाजको आधार पनि त्यही नै हो । किनकि कहीँ न कहीँ विधिको आवश्यकता हुन्छ नै, विधिलाई नाघ्नासाथ त्यहाँ समस्या पैदा भइहाल्छ । प्रत्येक देशको शासन व्यवस्था पनि त्यस्तै हो । विधिअनुसार देशलाई अगाडि बढाउन सक्यो भने देशका जनताले आफ्नो अधिकार उपभोग गर्दै आ-आफ्नो कर्तव्य निर्वाह गर्ने जमर्को गर्दछन् । यदि देशलाई विधिभन्दा बाहिर गएर आफूखुशी हाँक्न खोजिन्छ र प्रयास गरिन्छ भने जनताले आफ्नो कर्तव्य निभाउन बिर्सन्छन्, जसको परिणति सुखद हुन सक्दैन ।

प्रायः जनजन विभिन्न विपत्तिमार्फत अर्थात् प्राकृतिक विपत्तिदेखि लिएर सरकारको नीतिगत विपत्तिका कारणले हैरान खेपिरहेको तथ्य लुकेको छैन । यस्ता विपत्तिहरुबाट जनजनले कहिले छुटकारा पाउने हो ? कुनै टुंगो छैन । देशमा बेलाबेलामा देखा परिरहने यस्ता समस्यालाई सार्थकरुपमा छोटोभन्दा छोटो अवधिमा कसरी सम्बोधन गरेर पार पाउने भनी लागिपर्नुको सट्टा स्वार्थकेन्द्रित विषयलाई जहिले पनि प्राथमिकतामा पारेको देख्दा जनजन आत्तिन पुगेका छन् ।

पछिल्लोपटक सञ्चारमा छाएका विभिन्न समाचारहरुले माथि उल्लिखित कुराहरुलाई शतप्रतिशत प्रतिनिधित्व गरिरहेका छन् । यो वा त्यो नाउँमा दुई तिहाइको दम्भले कहिल्यै नथाकेका राजनीतिक व्यवसायीहरुभित्रको आन्तरिक कचिङ्गल र आफ्नो गुटगत स्वार्थको लागि भइरहने कामले कहिल्यै विश्राम पाएन । देशमा वर्तमान संविधान लागू भइसकेपछि पनि पटक-पटकका सरकारले संवैधानिक दुरुपयोगको प्रयासलाई निम्त्याउने गरिरहेका छन् । विभिन्न अध्यादेश ल्याउने र खारेज गर्ने प्रयोजनमा पनि संवैधानिक धाराहरु दुरुपयोगको रुपमा सलबलाइरहेका छन् ।

पटक-पटक हुने र भइरहने यस्ता कार्यहरुले गर्दा संविधानका सबै धाराहरुमा प्रत्यक्ष, अप्रत्यक्ष असर पर्ने गरेको छ । संविधानका सबै धाराहरु निष्क्रियको अवस्थाबाट गुज्रिन बाध्य हुन पुगेका छन् । सत्ताका शासकहरुले बेलाबेलामा चालिने गैरसंवैधानिक कार्यले संविधानका प्रायः सबै जनहितकारी धाराहरु ओझेलमा पर्दै गएको जनजनमा अनुभूति हुन पुगेको धेरै समय व्यतीत भइसकेको छ ।

सत्तामा पुग्नेहरुलाई जनहितको लागि केही तत्काल कार्य गर्नुपर्ने अवस्था सिर्जना भएमा उक्त प्रयोजनको लागि संविधानमा केही खुकुलो धाराहरुको व्यवस्था गरिएको हुन्छ । हो, हाम्रो संविधानमा पनि धारा ११४ एउटा खुकुलो धारा हो । कुनै पनि खुकुलो धारालाई आफ्नो सीमित स्वार्थको लागि प्रयोग गरिनुहुँदैन । देशको विडम्बना नै मान्नुपर्दछ, पटक-पटक सत्तामा पुग्ने राजनीतिक व्यवसायीहरुले यो वा त्यो नाउँमा खुकुलो र विशेष परिस्थितिमा प्रयोग गरिनुपर्ने धारालाई आफ्ना लहडबाजीको रुपमा प्रयोग गरिने कार्यले तीव्रता पाउँदै गयो । कुनै पनि शासकले संविधानको खुकुलो धारा प्रयोग गर्दा संवैधानिक मर्ममाथि प्रहार हुन जान्छ कि भनेर सदैव सचेत हुनुपर्दथ्यो । विडम्बना, यस किसिमको कुरा राज्य सञ्चालन गर्ने नेतृत्वहरुको प्राथमिकतामा कहिल्यै पर्न सकेन ।

देशका हाम्रा राजनीतिक व्यवसायीहरुले आ-आफ्ना स्वार्थरुपी चरित्रहरु प्रदर्शन गर्ने प्रक्रियाहरुको अन्त्य हुनै सकेको छैन । पछिल्लो सार्वजनिक भएको विभिन्न समाचारहरुले यसै कुरालाई प्रतिनिधित्व गर्दछ । अहिले एकातिर पेस भएको अध्यादेशको समाचारले देश गर्माएको छ । अध्यादेश ल्याउनुको औचित्य ठीक भए वा नभएको बारेमा सत्तासीन दलहरु एमाले र कांग्रेसभित्रै एक-अर्कालाई व्यङ्ग्यात्मक प्रहार गर्ने कार्य शुरु गर्न थालिसकेका छन् ।

कोही अध्यादेशको औचित्य नरहेको कुरालाई प्रथिमकता दिन्छन् भने कोही अध्यादेशका आवश्यकतालाई प्राथमिकता दिन्छन् । कोही अध्यादेशलाई पारित गर्ने बहानामा सत्ताको भऱ्याङ चढ्न आतुर छन् भने कोही यही विषयलाई लिएर प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिएर बाटो सहज पारिदिन ड्यारड्यारसमेत गर्ने गरेका छन् । सरकार र नागरिकहरुको सम्बन्ध नङ र मासुको जस्तो हुनै पर्दछ ।

यस्तो सम्बन्ध कायम रहन सक्यो भने सरकारलाई पीडा हुँदा नागरिकलाई पनि पीडा हुन्छ र नागरिकलाई पीडा हुँदा सरकारलाई पनि पीडा हुन्छ । सामाजिक सञ्जालमा गरिएको पोस्ट र राज्यमा यता केही समयदेखि देखिन थालेका जनजनका आवाजहरुदेखि लिएर दैनिक तथा साप्ताहिक समाचारपत्रहरुमा सार्वजनिक भएका प्रतिनिधि समाचारहरुले राज्य अझै नागरिकसँग टाढिएको नै अनुभूति गराएको छ ।

'नेपालमा झन् बढ्यो भ्रष्टाचार', 'विभिन्न भ्रष्टाचारका मुद्दाहरु पनि फिर्ता लिन सकिने प्रावधान राख्ने प्रयास', 'प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण लुकाउन थालियो', 'विनोद चौधरीलाई सातखत माफ', '५२ विवादित संवैधानिक नियुक्तिको विषयमा चार वर्षपछि १२ औं पेसीमा सुनुवाइ शुरु', 'संसद् विघटनको विपक्षमा गए प्रधानन्यायाधीश हुन नदिने धम्की', 'चल्न सक्ने मुद्दाहरु पनि नचल्नेको सूचीमा समावेश' आदि शीर्षकका समाचारहरुले देशमा प्रतिनिधित्व गरिरहेका छन् ।

एउटा विगतको सत्य के हो भने, मतदानको माध्यमबाट जनजनले मत दिएर सरकार गठनमा जसरी सहयोग पुऱ्याउने कार्य गरे, दलीयरुपमा गठन हुने कुनै पनि सरकारलाई नागरिक सरकारकै रुपमा ग्रहण गर्ने गरी पठाएका थिए । जो-जो व्यक्ति सरकारमा सहभागी भए पनि व्यक्तिलाई गौण ठानी समुच्चरुपमा देशमा नागरिक सरकार छ भन्ने कुराको जनजनले अनुभूति लिने प्रयत्न गरेका थिए ।

विडम्बना, विभिन्न मितिमा संविधानसभादेखि लिएर स्थानीय निकाय र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसक्दा पनि दलीय नेतृत्वहरुले सुझबुझरुपमा देशको शासन सत्ता सञ्चालन गर्न असफल नै रहे । आजसम्मको सरकारी कार्यको नतिजाको प्रतिशतलाई अध्ययन गर्दा देशमा नागरिक सरकार छ भन्ने कुराको अनुभूति दिन असफल रहेको विज्ञहरुको ठम्याइ छ ।

यस अर्थमा वर्तमान प्रधानमन्त्री वा अन्य कुनै पनि दलको प्रधानमन्त्री भए पनि, संविधानको धारा ७८ अनुसार प्रधानमन्त्रीले आफ्नै नेतृत्वमा स्वतन्त्र विज्ञहरुलाई आह्वान गरी नागरिक सरकारको गठन गर्ने कार्यलाई प्राथमिकता दिएर विज्ञहरुकै सल्लाहअनुसार भ्रष्टाचार नियन्त्रण गर्न कठोरतापूर्वक लागिनपरीकन देश शुद्धीकरणतिर अगाडि बढ्न सक्दैन । यसमा जुनसुकै दल प्रतिपक्षीको रुपमा देखिए पनि सम्बन्धित राजनीतिक दलले असहमति देखाउनुको साटो त्यस किसिमको सरकार गठनमा सहयोग गरेर भूमिका खेलेमा सबै राजनीतिक दलहरुको सुझबुझको जनजनले तारिफ गर्नेछन् ।

सर्वप्रथम जुनसुकै दलको प्रधानमन्त्री भए पनि तिनले कम्तीमा एक सय एकजना विज्ञहरुको सूची बनाउन अनिवार्य हुन्छ । ती विज्ञहरु स्वतन्त्र नागरिकहरुको हैसियतमा रहेका समाजसेवी, अधिकारवादी, डाक्टर, कानुनविद्, सामाजिक अभियन्ता प्रशासक, व्यवस्थापक कृषिविज्ञ, अर्थविज्ञ, रोजगारविज्ञ, उद्योगी, परराष्ट्रविद्, द्वन्द्वविज्ञ, न्यायविद्, सञ्चारविद्, भूमिविज्ञ, जलस्रोतविज्ञ, वैज्ञानिकलगायत अन्य विशिष्ट व्यक्तिहरु जो यस कठिन घडीमा राष्ट्रलाई सहयोग गर्न तत्परता देखाउँछन् र देखाएका छन्, तिनीहरुको सूची बनाई उनीहरुसँग तत्काल छलफल चलाउनुपर्दछ ।

छलपलपश्चात् आवश्यक पर्ने विज्ञहरुलाई यथास्थानमा नियुक्ति गरी जिम्मेवारी सुम्पिने कार्य हुन सक्यो भने देशले वर्तमान समस्यालाई सम्बोधन गर्न थप बल पुग्ने सम्भावनामा अभिवृद्धि हुन जान्छ । यति काम हुन सक्यो भने जो जुनसुकै दलको प्रधानमन्त्री भए पनि त्यस किसिमको सरकारलाई जनताको साथ प्राप्त भइरहनेछ । कथंकदाचित वा कुनै कारणबाट विज्ञहरु सम्मिलित सरकारको प्रधानमन्त्रीलाई हटाउने कहीँ कतैबाट कुत्सित प्रयास हुन पुग्यो भने पनि जनता ढाल भएर अगाडि उभिनेछन् ।

वर्तमान प्रधानमन्त्रीले नै यो आँट प्रदर्शन गर्न सक्नुभो र तत्पश्चात् पनि कुनै स्वदेशी वा विदेशी शक्तिले षड्यन्त्रमूलक तरिकाले उहाँलाई हटाइएमा पनि उहाँको नाम अमर रहिरहनेछ र जटिल परिस्थितिमा नागरिक सरकारको गठनमार्फत समस्या सम्बोधनको शुरुवात गर्ने देशको प्रथम प्रधानमन्त्रीको रुपमा उहाँको नाम इतिहासमा पनि लेखिनेछ ।

विश्वका विशिष्ट व्यक्तिहरु त्यसै विश्वविख्यात भएका होइनन् भन्ने कुरा यहाँ इंगित गरिरहनुपर्दैन । देश र जनताप्रतिको सेवाभावना र त्यागले नै मानवजीवनलाई महान् बनाउँछ । वर्तमानमा करिब दुई-अढाइ वर्ष बाँकी रहेको प्रधानमन्त्रीत्व पदलाई यो मार्गबाट अवलम्बन गर्ने प्रयासमा सरिक हुन सक्नुभो भने कम्तीमा जानी नजानी आफ्नो तर्फबाट हुन गएको गल्तीको प्रायश्चित्त गरिएको ठहरिनेछ ।

(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# रामेछापका गायक गोविन्द गौतमको साङ्गीतिक यात्रा



***काठमाडौं– पछिल्लो समयका लोकप्रिय गायक तथा सर्जक गोविन्द गौतम विगत लामो समयदेखि गीत सङ्गीत क्षेत्रमा लागेका लोकप्रिय गायक हुन् । उनले भरखरै मात्र नेपाली विदेसिनुको पीडालाई लिएर "भिसा हातैमा" बोलको गीत बजारमा सार्वजनिक गरेका छन् ।***

*गायक गोविन्द गौतम रामेछापमा जन्मिएका प्रतिभाशाली व्यक्ति हुन् । उनले गाएका दर्जनौं गीतहरू निकै चर्चामा रहेका छन् । जसमा, "भिसा हातैमा", "भेटौं शनिवार", "मायालुको ज्यान" जस्ता दर्जनौं गीतहरू निकै चर्चामा आएका छन् । सानैदेखि गीत सङ्गीतमा गहिरो रुचि राख्ने गोविन्द गौतमको जीवन यात्रा केही समयको लागि विदेशमा पनि बितेको थियो । उनले कोरियाको विदेशी भूमिमा करिब पाँच वर्षसम्म बसेर त्यहाँको जीवन र परिप्रेक्ष्यलाई नजिकबाट अनुभव गरेका छन् । उनी विदेशी भूमिमा बस्दा पनि उनले गीत सङ्गीतलाई धेरै माया गरे । उनै लोकप्रिय गायक गोविन्द गौतमसँग जन आकाश मिडियाका संवाददाता विनोद कार्कीले गरेको कुराकानी हामीले यस अङ्कमा यसरी प्रस्तुत गरेकाछौं ।*

**भरखरै सार्वजनिक भएको "भिसा हातैमा" गीत कसरी सिर्जना गर्नु भयो ?**

कोरियामा बसेर मैले नेपाली बिदेसिनुको कठिनाइ र सङ्घर्षलाई नजिकबाट अनुभव गरे र यही अनुभवलाई मैले मेरो नयाँ गीत "भिसा हातैमा" बनाए यो गीतले विदेशी भूमिमा बस्ने नेपालीहरूको दुख र तिनीहरूको जीवनका उतारचढावलाई समेटेको छ जसले गर्दा यो गीत दर्शकहरूले धेरै रुचाइदिएका छन् ।

**गीत सङ्गीतको भविष्य के छ जस्तो लाग्छ तपाईँलाई ?**

गीत सङ्गीतको भविष्य खासै भन्न सक्ने स्थिति छैन । मेहनत गर्‍यो भने छ । "तर मेहनत गरेकै मान्छे पनि गीत सङ्गीत क्षेत्रमा पछि परेका धेरै उदाहरण छन् ।" कलाकारिता क्षेत्रमा हेर्ने हो भने कोहिले गाडी चढेर, रङ्गिन सपनाको सहरमा दौडिएका छन् कोहीलाई हेर्ने हो भने, बिहान बेलुका छाक टार्न सक्ने स्थिति छैन त्यसैले यो क्षेत्रको भविष्य यकिन यस्तो छ भन्न सक्ने स्थिति छैन ।

**गीत कसरी सिर्जना गर्नुहुन्छ ?**

गीत लेख्ने तरिका सबै सर्जकको आफ्नो, आफ्नो तरिका हुन्छ । म कतै यात्रा गर्दा कति कुराको अनुभव गर्छु । एकान्तमा बसेर कस्तो खालको गीत लेख्ने भनेर कल्पना गर्छु त्यसपछि गीत अनुसारको कल्पनामा डुब्न थाल्छु अनि गीतका शब्दहरू फुर्छन् । ती शब्दलाई कम्पोज गरेर गीत बनाउँछु ।

**गीत सङ्गीत क्षेत्रको भविष्य कस्तो छ जस्तो लाग्छ ?**

गीत सङ्गीतको भविष्य राम्रो नैछ । आजको भोलि नै त केही गर्न सकिदैन् मेहनत गरो भनी गीत सङ्गीतको भविष्य राम्रो नै छ । गीत सङ्गीतमा साधना गरेका व्यक्ति कहिले पछि पर्दैनन् । नव गायक गायिकाहरू गीत सङ्गीतमा भविष्य खोज्दै आउँछन्, मेहनत गर्दैन्न् लामो समय टिक्न सक्दैनन् अनि गीत सङ्गीतमा भविष्य छैन भन्छन् । मेहनत गर्नेलाई गीत सङ्गीतमा राम्रो छ ।

**तपाईँको गीत सङ्गीतको यात्रा कसरी सुरु भयो ?**

मेरो गीत सङ्गीतको यात्रा गाउँघरबाटै सुरु भयो गाउँघरमा उकाली ओराली, घाँस दाउरा, मेलापात गर्दा रेडियोमा बज्ने गीतहरू धेरै सुन्ने र गुनगुनाउने गर्थे । गायक बन्ने रहरै रहरमा काठमाडौंमा आएर गीत सङ्गीतको यात्रालाई निरन्तर दिए । त्यसरी नै मेरो गीत सङ्गीतको यात्रा सुरु भयो ।

**जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम कतिको हेर्ने गर्नुहुन्छ ?**

जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम एकदमै हेर्ने गर्छु मलाई एकदमै मन पर्छ । यो कार्यक्रममा नव प्रतिभा मात्रा नभएर गीत सङ्गीत क्षेत्रमा योगदान पुर्‍याएका पुराना कलाकारहरूको पनि आगमन हुन्छ । विशेष गरी नव प्रतिभाहरूको लागि सङ्गीत खबर कार्यक्रम प्रस्तुति देखाउने, मनको कुरा पोख्ने चौतारीको साझा थलो बन्दै गएको छ । भन्दै गायक तथा सर्जक गोविन्द गौतम जन आकाश मिडियासँग बताउँछन् ।

# हुम्लाका विकट गाउँमा नेपाल टेलिकमको "फोरजी" चलेपछि...

**अदानचुली, (हुम्ला)–** वर्षौंदेखि टेलिफोन तथा इन्टरनेटको समस्या झेलिरहेका हुम्लाको अदानचुली गाउँपालिका र मुगुको सोरु गाउँपालिकामा चौथो जेनेरसनको मोबाइल डाटा सेवा 'फोरजी'सेवा सञ्चालनमा आएपछि त्यहाँका नागरीक खुसी भएका छन् ।

विसं २०७३ पुस १७ गतेदेखि नेपाल टेलिकमले काठमाडौं र पोखराबाट फोरजी सुरुआत गरेको जनाइएको छ ।

यसअघि हरेक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा गएर भिडियो कलदेखि अन्य इन्टरनेट सम्बन्धी काम गरिरहेका त्यहाँका नागरिक आफ्नो घरको कुनामै बसेर भिडियोकल गर्न पाएपछि खुसीको सीमा नै नरहेको हुम्ला अदानचुली गाउँपालिका वडा नम्बर ५ का सिंह बोहराले बताए ।

दुर्गम गाउँमा फोरजी सञ्चालनमा आएपछि हुम्लाको दक्षिणी क्षेत्र ताँजाकोट, अदानचुली र सर्केगाड गाउँपालिका तथा मुगुको सोरु गाउँपालिकासहित बाजुरा र मुगु आसपासका सबै गाउँमा फोर जी सेवा सञ्चालन भएको नेपाल टेलिकमले जनाएको छ ।

गाउँमै फोरजी सेवा सहितको इन्टरनेट र टेलिफोन सञ्चालनमा आएपछि स्थानीयले राहत महसुस गर्नुका साथै स्थानीय तहको दैनिक कार्य सम्पादनमा समेत सहज भएको अदानचुली गाउँपालिका अध्यक्ष मोहनविक्रम सिंहले बताए ।

गाउँपालिकाका उपाध्यक्ष केशरबहादुर शाहीले आजबाट आफ्नो गाउँपालिकाको केन्द्र नजिकै रहेको लामाकाँधमा राखिएको 'फोरजी'को टावर सञ्चालनमा आएको र यसले गाउँपालिका भित्रका कुन कुन बस्तीमा यसले काम गरेको छ जानकारी दिन सबैलाई अनुरोध समेत गरेका छन् ।

उनका अनुसार फोर जी सेवा विस्तारले गाउँमा विद्युतीय माध्यमबाट शिक्षा, स्वास्थ्य, सामाजिक सेवा र मनोरन्जन तथा सूचना आदान प्रदानको कामसमेत सहज हुनेछ ।

सोरु गाउँपालिका वडा नम्बर ३ को लामाकाँधमा राखिएको टावरले सोरु गाउँपालिकाका केही बस्तीहरु र हरम्लाको ताँजाकोट, सर्केगाड, र अददानचुली गाउँपालिकाका अधिकांश बस्तीहरुमा शुक्रबार दिउँसोदेखि सेवा सुरु गरेको छ भने अदानचुली च्याममा राखिएको टावरबाट शनिबार दिउँसो १ बजेदेखि सेवा सञ्चालनमा आउनेछ ।

च्याममा राखिएको टावर शनिबार सञ्चालनमा आएपछि जिल्लाको तल्लो क्षेत्रका अधिकांश बस्तीहरुमा 'फोरजी' सेवा सञ्चालन हुँने छ भने अदानचुली र सर्केगाड गाउँपालिकाको बीच भाग अर्थात महतारा चौरमा निर्माणधिन टावर सञ्चालनमा आएपछि तल्लो क्षेत्रका सबै बस्तीमा इन्टरनेट सेवा सुचनारु हुनेछ ।

जिल्ला सदरमुकामबाट निकै दुर्गम गाउँमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीय निकै खुसी छन् ।



टावरको निर्माण पूरा भएसँगै यस क्षेत्रका घर घरमा फोरजी चल्न थालेको अदानचुली गाउँपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत हंस महताराले बताए ।

गाउँमा फोरजीसम्मको सेवा पुर्‍याउन गाउँपालिकाले लामो समयदेखि प्रयास गरिरहेको थियो ।

पालिकाले विगत दुई वर्षदेखि टेलिकमको केन्द्रीय कार्यालय काठमाडौंसँग निरन्तर पत्राचार, प्रत्यक्ष भेटघाट र अनुरोध तथा समन्वयपछि गत वर्षदेखि यस क्षेत्रमा टावर निर्माण सुरु भएको हुम्ला अदानचुली गाउँपालिकाका अध्यक्ष सिंहले बताए ।

फोरजी सेवा सुरु भएसँगै यहाँका विद्यालय डिजिटल शिक्षा, अनलाइन शिक्षा र स्वास्थ्यमा पनि अनलाइन सेवा सुरु गर्न सकिने छ ।

## रामेछाप डायरी

# सेतो गुरासद्वारा मन्थलीमा प्रारम्भिक बालविकास सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन




रामेछापको मन्थली नगरपालिकामा सञ्चालित "प्र.अ. वि.व्य.स. र शिक्षक अभिभावक संघका अध्यक्षका लागि प्रारम्भिक बालविकास सम्बन्धी १ दिने अभिमुखीकरण" कार्यक्रमले बालविका सकेन्द्रहरुको सञ्चालन तथा व्यवस्थापनका लागि साझा धारणा र बुझाइको विकास गराउन महत्वपूर्ण सहयोग पुर्‍याएको सहभागिहरुले बताएका छन् ।

"इसिडी हार्मोनी परियोजना" अन्तर्गत चाइल्ड एड नेटवर्क फाउण्डेशनको सहयोगमा मन्थली नगरपालिकासँगको सहकार्यमा सेता गुराँस राष्ट्रिय बालविकास सेवाले आयोजना गरेको एक दिनेअभिमुखीकरण कार्यक्रममा सहभागीहरुले यस्तो प्रतिक्रिया दिएका हुन ।

मन्थली नगरपालिका वडा नं. ४ स्थित सिद्धेश्वर माध्यमिक विद्यालय गैराथोकका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शुक्रबहादुर श्रेष्ठले यस कार्यक्रमले बाल विकास केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा शिक्षक, अभिभावक र व्यवस्थापन पक्षबीचको साझा बुझाईको विकास गर्न सहयोग पुगेको बताउनुभयो । कार्यक्रमले आफूहरुको जिम्मेवारी र भूमिका बारेमा पनि बोध गराएको उहाँको भनाई छ । केन्द्र व्यवस्थापनको लागि आर्थिक संकलन गर्ने दायित्व आफूहरुको रहेको बताउँदै वि.व्य.स. अध्यक्ष श्रेष्ठले आगामी दिनमा पनि यस्ता कार्यक्रम विद्यालय, अभिभावकर समुदायसँग जोड्नुपर्ने आवश्यक्ता रहेको बताउनुभयो ।

सोही विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष अनन्त पुलामीले पनि केन्द्रको उचित व्यवस्थापन बिना बालबालिकाको चौतर्फी विकास हुन नसक्ने रहेछ भन्ने कुरा कार्यक्रबाट थाहा भएको बताउँदै आगामी दिनमा केन्द्र व्यवस्थापनको लागि साझा बुझाई र प्रतिबद्धतासहित अघि बढ्ने बताउनुभयो । सोही विद्यालयका प्र.अ. गणेश श्रेष्ठले कार्यक्रमबाट धेरै कुराको आफूले जानकारी लिन पाएको बताउँदै आगामी दिनमा इसिडीको पाठ्यक्रम पूर्णतया कार्यान्वयन गर्नेप्रतिबद्धता जनाउनुभयो । उहाँले केन्द्र व्यवस्थापन र सञ्चालनका निमित्त अभिभावसँग छलफलगर्नुको साथै प्रत्येक दिन केन्द्रको अनुगमन तथा मूल्याङ्कन गर्ने बताउनु भएको थियो ।

यस्तै, सेतीदेवी आधारभूत विद्यालय तीनचोकेका शिक्षक अभिभावक संघका अध्यक्ष गजेन्द्रआले मगरले पनि साझा प्रयासबाट मात्रै बाल विकास केन्द्रको व्यवस्थापन गर्न सकिने रहेछ भन्ने कुरा कार्यक्रमबाट थाहा पाएको उल्लेख गर्दै आगामी दिनमा सोही अनुसार केन्द्र व्यवस्थापनको लागि पहल गर्ने बताउनुभयो । सोही विद्यालयका प्र.अ. रेजिन्द्र दंगालले भने यो कार्यक्रमबाट प्रारम्भिक बाल विकास केन्द्रमा बालबालिकाको क्रियाकलाप सञ्चालनका लागि आवश्यक सामाग्री पहिचान गर्नेबारे जानकारी पाएको बताउनुभयो ।

कार्यक्रममा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक संघका अध्यक्ष सहित प्रत्येक विद्यालयबाट तीन/तीन जनाको सहभागिता रहेको थियो । नीतिगत व्यवस्था, पाठ्यक्रम, प्रारम्भिक बालविकासको अवधारणा, बालविकास केन्द्र सञ्चालनका न्यूनतम मापदण्ड र बालमैत्री सिकाइ लगायतका विषयमा अभिमुखीकरण गरिएको थियो ।

प्रारम्भिक बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा बनेका नीतिगत व्यवस्था, पाठ्यक्रम, प्रारम्भिक बालविकासको अवधारणाबारे जानकारी गराउँदै केन्द्र व्यवस्थापन तथासञ्चालनमा शिक्षक, अभिभावक र व्यवस्थापकीय सहित त्रिपक्षीय बुझाइमा एक रुपता ल्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको सेतो गुराँस राष्ट्रिय बालविकास सेवा संस्थाको जिल्ला परियोजना रामेछापकी संयोजक मैया वस्नेतले जानकारी दिनुभयो ।

हालसम्म मन्थली नगरपालिका भित्रका ३१ वटा विद्यालयका प्र.अ., वि.व्य.स. र अभिभावक संघका अध्यक्ष सहित प्रत्येक विद्यालयका तीन/तीन जना गरी ९३ जनालाई प्रारम्भिक बालविकास सम्बन्धी १ दिने अभिमुखीकरण गरिएको बताउनुभयो । अन्य विद्यालयमा पनि क्रमशः गर्दै जाने उहाँको भनाईछ ।

कार्यक्रममा परियोजना संयोजक मैया वस्नेत र मन्थली नगरपालिकाको बाल विकास संयोजक नवराज विश्वकर्माले प्रारम्भिक बाल विकास, बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था, मापदण्ड, पाठ्यक्रम, बालमैत्री सिकाई, मूल्यांकन लगायतका विषयवस्तु प्रस्तुत गर्नु भएको थियो ।

# सानो देशमा छु भन्ने हीनताबोध नराख्नुस् : प्रधानमन्त्री ओली

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले सानो देशमा छु भन्ने हीनताबोधी भावना नराख्न आग्रह गरेका छन् ।

कास्कीको ढुङ्गेपाटनमा विहीबार आयोजित पोखरा विश्वविद्यालयको २०औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने, 'कुनै पनि देशको सार्वभौमसत्ता सानो वा ठूलो हुँदैन ।'

प्रधानमन्त्री ओलीले विद्यार्थीलाई हात्ती देखेर भाग्ने भन्दा तालिम दिएर माउते हुन आग्रह गरे ।

'हात्ती देख्ने बित्तिकै भागेमा माउते हुन सकिँदैन । हात्तीलाई तालिम दिएर माउते हुने कोसिस गर्नुस् । साहसी हुनुस्, दुस्साहासी नहुनुस्,' उनले भने ।

विश्वविद्यालयलाई रुपान्तरणकारी काम गर्न आग्रह गर्दै उनले थपे, 'हामीसँग उर्बर भूमि छ । यसलाई रुपान्तरणकारी विकासमा लान सकिन्छ । यस काममा विश्वविद्यालय लागोस् । सरकार विश्वविद्यालयको साथमा छ ।'

विश्वविद्यालयका कुलपति समेत रहेका ओलीले नेपाल ज्ञान, दर्शन, योग र खोजको उद्गम मुलुक भएकाले दीक्षित विद्यार्थीहरूले इमानदार भएर देशका लागि काम गर्न आग्रह गरे ।

दीक्षित विद्यार्थीहरूलाई ओलीले आत्मविश्वास र इमानपूर्वक समाजका लागि सकारात्मक काममा प्राप्त ज्ञान उपयोग गर्न अनुरोध गरे ।

'इमानदारिताले मात्रै सकारात्मक सफलता पाउन सकिन्छ । बेइमानी गरेर पाएको सफलता समाजका लागि उपयोगी हुँदैन । तपाइँहरुले राम्रो पढेको हो भने पनि त्यसलाई समाजमा नकारात्मकता, चोरी, ठगीजस्ता अपराधका काममा प्रयोग गरेमा त्यसलाई सफलता मान्न सकिँदैन,' प्रधानमन्त्री ओलीले भने ।

उनले थपे, 'तपाइँहरू समाज र देशका लागि उपयोगी हुनुपर्छ । आफ्ना लागि मात्रै गर्न खोजेमा स्वार्थी भइन्छ । देश र समाजका लागि केही गर्नुस् । नागरिक सर्वोच्चताको गर्व तपाइँहरूमा होस् ।'

समारोहमा कुलपति ओलीले विश्वविद्यालयका विभिन्न संकाय र तहका गरी सात हजार आठ सय ७२ विद्यार्थीलाई दीक्षित गराएका प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

जन आकाश — Jana Aakash National Weekly — राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २७, २०८१ साल फागुन् १३ गते मंगलबार (Feb 25, 2025)

# एनएमबि हाईब्रिड फण्ड एल – २ को इकाईमा भोलिसम्म आवेदन दिन सकिने




**काठमाडौं–** एनएमबि क्यापिटलले माघ २४ गतेदेखि निष्काशन तथा बिक्री खुला गरेको सामूहिक लगानी कोष एमएबि हाईब्रिड फण्ड एल २ को इकाई खरिदका लागि भोलि फागुन ८ गतेसम्म आवेदन दिन सकिने छ।

क्यापिटलले प्रतिइकाई १० रुपैयाँ अंकित दरमा १ अर्ब २० करोड रुपैयाँ बराबरको १२ करोड इकाई बिक्रीमा ल्याएको हो। एनएमबि म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने एनएमबि हाईब्रिड फण्ड एल २ दश वर्षे बन्दमुखी योजना हो।

साथसाथै, यो योजना हाईब्रिड प्रकृतिको भएकाले सामान्यतया इक्विटी फण्डभन्दा तुलानात्मक रुपामा कम जोखिम हुने गर्दछ। उक्त फण्डमा न्यूनतम १०० देखि १ करोड २० लाख इकाईसम्म अर्थात प्रति इकाई रु १० का दरले रु १ हजार देखि रु १२ करोड सम्मको आवेदन दिन पाउने व्यवस्था गरेको छ।

फण्डले १४ प्रतिशत अर्थात् १ करोड ६८ लाख इकाई कोष प्रवर्धक कम्पनी एनएमबि बैंकलाई र १ प्रतिशत अर्थात १२ लाख इकाई योजना व्यवस्थापकलाई सुरक्षित गरी बाँकी रहेको १० करोड २० लाख इकाई सर्वसाधरणलाई बिक्री गरेको हो। फण्डको कुल १२ करोड इकाई मध्य कोष प्रवर्धक र योजना व्यवस्थापकले सम्पूण बीज पूँजी बराबरको १ करोड ८० लाख इकाई र ५८,४४० सर्बसाधारण संस्थागत लगानीकर्ताहरुबाट १० करोड १५ लाख इकाईको लागि आवेदन प्राप्त भएको छ।

म्युचुअल फण्ड निष्काशनका लागि गराएको रेटिङ्गमा क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपालले कोष प्रबर्द्धकलाई [ICRANP–IR] A– प्रदान गरेको छ भने योजना व्यवस्थापकलाई [ICRANP] AMC त्तगबष्तिथ २ रेटिङ्ग प्रदान गरेको छ। यस रेटिङ्गले योजना व्यवस्थापकको व्यवस्थापन गुणस्तरमा उच्च विश्वास रहेको संकेत गर्दछ।

उक्त फण्डको इकाईमा लगानीकर्ताले धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तोकिएका शाखा -कार्यालयबाट आवेदन दिन सकिनेछ। यसका साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको 'मेरो शेयर' मार्फत अनलाइन आवेदन दिन सकिने छ।

# दारी ग्याङको नवौं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न




**काठमाडौं–** सामाजिक क्षेत्रमा सक्रिय युवाहरुको समुह दारी ग्याङ विगत ८ वर्ष देखी विभिन्न सामाजिक क्षेत्रमा निरन्तर रुपमा क्रियाशिल रहेको छ।

विगतमा यस समुहले शिक्षा, स्वास्थ्य, विज्ञान, आवास, वातावरण लगाएतका क्षेत्रमा सामाजिक रुपान्तरणको लागि विभिन्न कार्यहरु गर्दै आइरहेको छ।

यसै सन्दर्भलाइ मध्यनजर गर्दै दारी ग्याङले फाल्गुन ६ गते देश तथा विदेशमा विभिन्न कार्यक्रम गरेर नवौं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गरेको छ।

दारी ग्याङले काठमाण्डौमा साइबर सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम ,दन्त परीक्षण कार्यक्रम तथा सुलेखन कलाको कार्यक्रम गरेर भव्यताका साथ सम्मन्न गर्यो भने रुपन्देहीमा पुष्परोपण तथा सन्ध्याकालिन भजन किर्तन कार्यक्रम गरेर मनाएका छन।

नवलपरासीमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो भने पोखराले हिमालयन एनिमल रेस्क्यु ट्रस्टमा आवश्यक खाद्यान्न र मेडिकल सामाग्री प्रदान गरि वार्षिकोत्सब मनाएको छ।

त्यस्तै, धनगढीमा सडकका कुकुर तथा चौपाया लाइ सहयोग गर्ने कार्य गर्दै रोयल जोरायल क्लबसँग मैत्रीपुर्ण फुटसलको आयोजना पनि भएको थियो। त्यसैगरी दारी ग्याङ झापा र झापा ब्लड डोनर सोसाइटी बिच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ।

दाङको घोराहीमा पनि शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरी मनाइएको छ त्यस्तै सप्तरीको फत्तेपुर, नवलपरासी, पथरी शनिश्चरे मोरङ, दोलखा, गोरखा, कंचनपुर लगायत विभिन्न ठाउँमा पनि भेटघाट तथा चियापान गरेर नवौं बार्षिकोत्सब मनाएका छन् र विदेशमा वेलायतका दुइ ठाउँ लण्डन र प्रेस्टोनमा पनि भव्यताका साथ मनाएर नवौं वार्षिकोत्सव सम्पन्न भएको छ।

# यूरोपेली हेलिकोप्टर आयातमा प्रतिबन्ध लगाउने निर्णयबाट पछि हट्यो क्यान

**काठमाडौं–** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) यूरोपेली हेलिकोप्टरको आयातमा प्रतिबन्ध लगाउने निर्णयबाट पछि हटेको छ।

पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले हेलिकोप्टर आयातमा प्रतिबन्धले नेपाललाई ईयूको सुरक्षा सूचीबाट बाहिर निकाल्न थप चुनौतीपूर्ण हुन सक्ने बताएपछि क्यानले आफ्नो निर्णय स्थगन गरेको हो।

क्यानले यसअघि दुर्घटनामा परेका अधिकांश हेलिकोप्टर एयरबस कम्पनीका भएको भन्दै आयातमा प्रतिबन्ध लगाएको थियो। माउन्टेन एयरले एलसी खोलेर चीनमा आइसकेको हेलिकोप्टर समेत क्यानले रोकिदिएको थियो।



'मन्त्रीज्यूले कुनै एक कम्पनीलाई लक्षित गरेर हेलिकोप्टर आयातमा प्रतिबन्ध लगाउँदा राम्रो सन्देश नजानेतर्फ गम्भीर हुनुपर्छ भन्नुभयो। मन्त्रीज्यूको आग्रहलाई मध्यनजर गरी प्रतिबन्धको निर्णय स्थगन गरिएको हो,' क्यान स्रोतले भन्यो।

# एकीकृत निर्देशन नम्बर–१५ लाई बिर्सिएर घटाघटको प्रतिस्पर्धामा बैंक

काठमाडौं- दरबारमार्गस्थित कार्यकक्षमा बसेर मनोज ज्ञवाली कम ब्याजदरको ऋण प्रतिस्पर्धामा उत्रिएका बैंकहरुको चाला देखेर उदेक मानिरहेका छन्। अनिष्टको संकेत देख्ता उनी चिन्तित छन्।

उनी बैंकर मात्र होइनन्, उपभोक्ता पनि हुन्। सामान्य अवस्थामा खुशी हुनुपर्ने हो, तर उनको अनुहारमा चिन्ता छ।

'अधिक तरलताको अहिलेको अवस्थामा हामी यति धेरै ढुक्क छौं कि भविष्यमा आउन सक्ने संकटलाई बिर्सिसकेका छौं,' नबिल बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले बिजमाण्डूसँग आफ्नो चिन्ता पोखे, 'हामीले राष्ट्र बैंकको एकीकृत निर्देशनको बुँदा नम्बर १५ बिर्सिरहेका छौं, जसले भविष्यमा हामीलाई नै समस्यामा पार्न सक्छ।'

अधिक तरलताले गर्दा बैंकहरू कम ब्याजदरमा कर्जा प्रदान गर्ने होडबाजीमा छन्। त्यसैले बैंकहरुले राष्ट्र बैंकको एकीकृत निर्देशनको बुँदा नम्बर १५ को प्रावधान बिर्सिएको उनको तर्क छ।

'हामीले अहिले विगतको तरलता अभाव बिर्सिसकेका छौं। हिजो राष्ट्र बैंकले प्रिमियम फिर्ता गराएको पनि बिर्सिएका छौं,' उनले भने।

राष्ट्र बैंकको एकीकृत निर्देशनको बुँदा नम्बर १५ अनुसार, एकपटक 'फिक्स' भएको ब्याजदर परिवर्तन गर्न पाइँदैन। हालको अवस्थामा अधिक तरलता रहेको र नयाँ ऋण दिनुपर्ने बाध्यता सृजना भएकाले बैंकहरूले आधार दरकै हाराहारीमा ब्याज कायम गर्न थालेका छन्।

विशेष चिन्ताको विषय के छ भने यसरी एकपटक कायम भएको ब्याज घटाउन सकिन्छ तर बढाउन कम्तीमा ७ वर्ष मिल्दैन। बढाउन नमिल्ने भएपछि भविष्यमा तरलता अभाव हुँदा पनि बैंकहरूले अहिले कायम भएकै ब्याज लिनुपर्ने हुन्छ, जसले गर्दा वित्तीय संस्थाहरूको आम्दानीमा दीर्घकालीन असर पर्नसक्छ।

अहिले बैंकहरूको औसत आधार दर ६.६४ प्रतिशत छ र औसत स्प्रेड दर ३.९४ प्रतिशत छ, जुन ४ प्रतिशतसम्म हुनुपर्ने नियम छ। जसरी ऋणको ब्याज घटिरहेको छ, त्यसैगरी स्प्रेड दर पनि कम हुँदै गएको छ। कर्जाको ब्याज दर कम हुनु उपभोक्ताका लागि राम्रो देखिए पनि वित्तीय क्षेत्रको आय घट्दै गएर स्थायित्वमा दबाब सृजना गर्ने खतरा बढेको छ।

बैंकहरूले सस्तोमा उठाएको निक्षेप भए पनि लागत बढाइरहेका छन्। त्यो लागत कम गर्न उनीहरूले न्यूनतम ब्याजमै ऋण विस्तार गर्ने होडबाजी सुरु गरेका छन्। यस्तोमा नयाँ ऋण विस्तारभन्दा पनि अर्को बैंकको ऋणी खोस्ने अस्वस्थ अभ्यास बढेर गएको छ।




विशेषगरी व्यक्तिगत प्रयोजनको आवधिक ऋणको स्थिर कर्जा अवधि कम्तीमा ७ वर्षको हुने भएकाले यसले बैंकहरूको आम्दानीमा लामो समयसम्म प्रभाव पार्ने देखिन्छ। यसअघि पनि बैंकहरूले बीचमा ब्याज घटाएर लगानी गरेका थिए र त्यसपछि ऋणको माग बढेपछि प्रिमियम आफूखुसी बढाएका थिए। त्यतिबेला बैंकहरूले मनपरी ब्याज बढाएको भन्दै राष्ट्र बैंकले बढाएको प्रिमियम फिर्ता गराएको थियो।

'हामीले यसपटक इतिहासबाट सिक्नुपर्छ। अहिलेको सस्तो ब्याजमा वित्तीय संस्थाहरूले मध्यम र दीर्घकालीन जोखिम पनि विश्लेषण गर्नुपर्छ,' उनले भने।


अहिले उपभोक्ताहरू त खुशी छन्, किनकि कम ब्याजमा ऋण पाइरहेका छन्। तर यसको दीर्घकालीन असर विचार गर्नुपर्ने उनी बताउँछन्। 'हामीले स्थिर कर्जा दिँदा यदि भविष्यमा तरलता सुक्यो भने वित्तीय क्षेत्रको आय कम हुने मात्र होइन, समग्र अर्थतन्त्रको स्थायित्वमा नै दबाब सृजना हुन सक्छ,' उनले भने।

# स्मार्टफोन आयातमा दुई वर्षपछि २२% ले बढोत्तरी

**काठमाडौं–** स्मार्टफोनको आयात निरन्तर उकालो लागेको छ। तीन वर्षको तथ्यांक केलाउँदा स्मार्टफोनको आयात संख्या २२ प्रतिशतले बढेको छ। मूल्यका हिसाबले २९ प्रतिशतले वृद्धि भएको छ।

भन्सार विभागका अनुसार चालू वर्ष २०८१/८२ को सात महिनामा १९ अर्ब रुपैयाँबराबरको १२ लाख २९ हजार थान स्मार्टफोन भित्रिएको छ। जबकि आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा १४ अर्ब ७६ करोड रुपैयाँबराबरको १० लाख थान स्मार्टफोन भित्रिएको थियो।

यस्तै, गत आव २०८०/८१ को सोही अवधिमा १७ अर्ब ३८ करोड रुपैयाँबराबरको ११ लाख २६ हजार थान स्मार्टफोन आयात भएको थियो। स्मार्टफोन आयातबाट राजस्व पनि २८ प्रतिशतले बढेको छ।




गत वर्षको सात महिनाको तुलनामा चालू आवको सोही अवधिमा संख्या र मूल्यका हिसाबले स्मार्टफोन आयात वृद्धिदर समान ९/९ प्रतिशत छ। चालु वर्ष २०८१/८२ को सात महिनामा सरकारले स्मार्टफोन आयातबाट ३ अर्ब ५३ करोड रुपैयाँ राजस्व उठाएको छ। आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा स्मार्टफोन आयातबाट सरकारले २ अर्ब ७५ करोड रुपैयाँ आर्जन गरेको थियो।

चालू वर्षका सात महिनामध्ये कात्तिकमा सर्वाधिक ३ अर्ब ५७ करोड रुपैयाँबराबरको स्मार्टफोन आयात भएको थियो। संख्यात्मक हिसाबले भदौमा २ लाख २९ हजार थान स्मार्टफोन भित्रिएको थियो।

गत वर्ष २०८०/८१ को सात महिनामध्ये असोजमा सर्वाधिक ४ अर्ब रुपैयाँबराबरको २ लाख ७५ हजार थान स्मार्टफोन आएको थियो। त्यसअघि २०७९/८० मा भदौमा सर्वाधिक ३ अर्ब ६० करोड रुपैयाँबराबरको २ लाख ६२ हजार थान स्मार्टफोन आयात भएको थियो।

नेपाली बजारमा चीनबाट सर्वाधिक स्मार्टफोन आयात हुने गर्छ। चालू वर्ष २०८१/८२ को सात महिनामा चीनबाट मात्रै १३ अर्ब रुपैयाँबराबरको ९ लाख ५३ हजार थान स्मार्टफोन भित्रिएको छ। त्यसपछि भारतबाट ५ अर्ब ६२ करोड रुपैयाँबराबरको २ लाख ७२ हजार थान स्मार्टफोन आएको छ। अरु देशबाट नेपाल आएको स्मार्टफोनको संख्या न्यून छ।

नेपाल मोबाइल वितरक संघका अध्यक्ष दिनेश चुल्याद्योले स्मार्टफोन बजार कमब्याकको बाटोमा रहेको बताए। स्मार्टफोनको बिक्री बढ्दै गएको उनको भनाइ छ। उनले किस्तामा स्मार्टफोन किन्न पाइने सुविधाले बिक्री बढेको बताए।

'पहिला इएमआईमा किन्न त पाइन्थ्यो तर, अनेक कागजात बुझाउनुपर्ने झन्झट थियो। अहिले नागरिकताकै आधारमा किस्ता सुविधा लिएर स्मार्टफोन किन्न पाइन्छ। त्यसैले अहिले ह्वात्तै स्मार्टफोनको माग बढेको छ,' चुल्याद्योले बिजमाण्डूसँग भने।

उनका अनुसार अहिले सामसङका स्मार्टफोनमा उपभोक्ता बढी आकर्षित छन्। सामसङले ४० प्रतिशत डाउनपेमेन्ट गर्ने ग्राहकलाई नागरिकता र साक्षी जुटाएकै आधारमा मिडदेखि प्रिमियम रेन्जका स्मार्टफोन बिक्री गर्दै आएको छ।

संख्या र मूल्यका हिसाबले सामसङका स्मार्टफोन बढी बिक्री भइरहेका छन्। सामसङले गत माघ १७ गते ग्यालेक्सी एस २५ सिरिज नेपाली बजारमा भित्र्याएको थियो। सोही दिन सामसङले एस २५ सिरिजको प्रि-बुकिङ खोलेकामा २० मिनेटमै उपलब्ध कोटा बुक भएको थियो।


'पहिला पहिला एक-दुईवटा ब्राण्डको मात्रै राम्रो बिक्थ्यो। अहिले सामसङ, साओमीपछि अनर, ओप्पो, रियलमीलगायत स्मार्टफोन ब्राण्ड एउटै रेन्जमा अघि बढिरहेका छन्। गत वर्षको तुलनामा नेपाली बजारमा स्मार्टफोनको बिक्री संख्यात्मक हिसाबमा २-३ प्रतिशतको बढोत्तरी छ भने मूल्यमा १२-१५ प्रतिशतकै ग्रोथ छ,' चुल्याद्योले भने।

# अध्ययनका लागि विदेशिने रकम पाँच वर्षमा पाँच गुणाले वृद्धि, नेपालमा चाहिं कति भित्रिन्छ ?

**काठमाडौं–** अध्ययनका लागि बाहिरिने विद्यार्थीको संख्या बढ्दा देशबाट बाहिरिने रकम पनि डरलाग्दोरुपमा बढेको छ। नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार विदेश अध्ययनका लागि बाहिरिने रकम पाँच वर्षमा झन्डै पाँच गुणाले बढेको छ।

आर्थिक वर्ष २०७७/०८८ मा विदेश अध्ययनका लागि २५ अर्ब ८१ करोड ३२ लाख रुपैयाँ बाहिरिएका यो वर्ष ६ महिनामै त्यसको दोब्बरभन्दा धेरै विदेशिएको छ। यो आर्थिक वर्ष पुससम्म विद्यार्थीहरुले ५६ अर्ब ८२ करोड रुपैयाँ लगेका छन्। विद्यार्थीहरुले गत आर्थिक वार्षिक १ खर्ब २५ अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा लगेको तथ्यांक छ।

त्यसो त नेपाली विद्यार्थी विदेशिएजस्तै विदेशीहरु पनि अध्ययनका लागि नेपाल आउने गरेका छन्। भारत लगायत केही मुलुकका विद्यार्थी खासगरी चिकित्सा शिक्षा अध्ययनका लागि नेपाल आउने गरेका हुन्।




उनीहरुबाट यो वर्ष ६ महिनामा २ अर्ब ६८ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा भित्रिएको छ। पोहोर विदेशी विद्यार्थीबाट नेपालमा ६ अर्ब १ करोड रुपैयाँ बराबर भित्रिएको थियो।

# खेलकुद

## बीएमसीएलाई जिल्ला छनोटको उपाधि

काठमाडौँ – भक्तपुर म्युनिसिपल क्रिकेट एसोसिएसन (बीएमसीए) ले प्रधानमन्त्री कप पुरुष राष्ट्रिय प्रतियोगिताका लागि आयोजित भक्तपुर जिल्ला छनोटको उपाधि जितेको छ । मूलपानी क्रिकेट मैदानमा शनिबार फाइनलमा बीएमसीएले भक्तपुर क्रिकेट सेन्टरलाई ७ विकेटले पराजित गर्‍यो ।



बीएमसीएले १ सय १६ रनको लक्ष्य २०.२ ओभरमै पूरा गर्‍यो । गौरव पौडेलले सर्वाधिक ४९ रन बनाए । अविजित उनले ५३ बलमा ४ चौका र १ छक्का प्रहार गरे । विशाल देवकोटाले पनि अविजित २६ रन बनाएर चौथो विकेटमा ७८ रनको साझेदारी गरे । सौरभ साखकर्मी १७ रनमा आउट भए । सेन्टरका लोकेश पालले २ र त्रिसन चौलागाईंले १ विकेट लिए ।

यसअघि टस हारेको भक्तपुर क्रिकेट सेन्टर ३५.२ ओभरमा १ सय १५ रनमै अलआउट भयो । दिपेन श्रेष्ठले सर्वाधिक ३४, अभिषेक बस्नेतले १८ र समर्पण अधिकारीले १७ रन बनाए । बीएमसीएबाट सागर घिमिरेले ३ विकेट लिए । प्लेयर अफ द फाइनल सागरले ६ ओभरमा ४ मेडन ओभर गर्दै ४ रन मात्र खर्चिए । सक्रियप्रताप कार्कीले २ तथा धिरेन्द्रकुमार बस्नेत, मनीष श्रेष्ठ, शशांक दवाडी र सार्थक न्यौपानेले समान १ विकेट लिए ।

शाह घोषित भए । १२ टिम सहभागी प्रतियोगिताका विजेता खेलाडीलाई नेपाल क्रिकेट संघका सचिव पारस खड्का, भक्तपुर क्रिकेट संघका अध्यक्ष मनीषराज पाण्डेलगायतले पुरस्कार वितरण गरे ।

## अनुपम घलान स्मृति यू-१६ फुटबलको उपाधि हेटौँडा-१५ लाई

काठमाडौँ – अनुपम घलान स्मृति नगरस्तरीय यू-१६ फुटबल प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिका- १५ ले जितेको छ ।

शनिबार भएको उपाधि भिडन्तमा १८ नम्बरलाई सडनडेथमा निराश बनाउँदै १५ ले उपाधि जितेको हो । विजेताले एक लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्दा उपविजेताले ७० हजार रुपैयाँ हात पार्‍यो ।

निर्धारित समय र टाइब्रेकरमा समेत बराबरी भएपछि सडनडेथमार्फत निर्णय लिइएको हो । फाइनल खेलको म्यान अफ द म्याच हेटौंडा-१५ का गोलरक्षक विकेश थिङ भए । उनी नै प्रतियोगिताको सर्वोत्कृष्ट गोलरक्षक समेत भए । उत्कृष्ट डिफेन्डर १५ का नवीन लो, मिडफिल्डर १८ का साजन लोप्चन, फरवार्ड १५ का रेहान घलान र उत्कृष्ट प्रशिक्षक हेटौंडा-१५ का उज्वल वाइबा घोषित भए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी १८ का अभिराज थापा मगर भए । उनले १० हजार र विधागत उत्कृष्ट खेलाडीले जनही ५



हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे । उपमेयर राजेश बानियाँ, नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरे, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानलगायतले पुरस्कार वितरण गरेका थिए ।

नगर खेलकुद विकास समिति हेटौंडाको आयोजना तथा हेटौंडा उपमहानगरको प्रायोजनमा प्रतियोगिता सञ्चालन भएको हो । पिप्ले क्याम्पा रंगशालामा भएको प्रतियोगितामा हेटौंडाका १९ वडामध्ये १० वटा वडाको सहभागिता थियो ।

हेटौंडा-१२ का अनुपम घलानको गत असोजमा मकवानपुरको सिस्नेरीमा पहिरोमा परेर निधन भएको थियो । एन्फा एकेडेमीका किशोर खेलाडी घलानको निधनपछि उनको स्मृतिमा प्रतियोगिता आयोजना गरिएको हो ।

## विराटनगरको रानी नाका हुँदै फर्किए केआईआईटीका ७५ विद्यार्थी

विराटनगर- विराटनगरको रानी नाका हुँदै भारत ओडिसास्थित कलिंगा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा अध्ययनरत ७५ जना विद्यार्थी घर फर्किएका छन् ।

नेपाली विद्यार्थी प्रकृति लम्सालको शंकास्पद मृत्युपछि विश्वविद्यालयले दुर्व्यवहार गर्दै निकोलका मध्ये ७५ जना बुधबार विराटनगर नाका हुँदै घर फर्किएका हुन् । मंगलबार तीन जना फर्किएका थिए । मंगलबार राति पूर्वीनाका काँकडभिट्टा नाका हुँदै १६ र वीरगञ्ज नाकाबाट ९५ जना नेपाली विद्यार्थी स्वदेश फर्किएका थिए ।

जिल्ला प्रशासन कार्यालय मोरङका अनुसार विराटनगरको रानी नाका हुँदै बुधबार मोरङका ३६, सप्तरीका १६, सुनसरीका ११, काठमाडौँ र सिरहाका ३/३ जना, सर्लाही र जनकपुरका २/२



जना तथा ललितपुर र उदयपुरका १/१ जना विद्यार्थी नेपाल फर्किएका हुन् ।

शंकास्पद अवस्थामा मृत भेटिएकी लम्सालको न्यायका लागि आवाज उठाउँदा कलेज प्रशासनले विद्यार्थीलाई दुर्व्यवहार गर्दै कलेजबाट निकालेको थियो ।

विद्यार्थीमाथि दुर्व्यवहार भएको विषयले नेपाल र भारतमा चर्को विरोध भएपछि कलेज प्रशासनले सार्वजनिक रूपमा माफी मागेको थियो ।

आइतबार भुवनेश्वरस्थित कलेजको होस्टलमा बसेर बी-टेक तेस्रो वर्षमा अध्ययनरत लम्साल मृत अवस्थामा भेटिएकी थिइन् ।

## बालेन भन्छन्- विदेशीहरू हाम्रो खानेकुराको सिको गर्न थाले, प्रवर्द्धन गरौं



**काठमाडौँ–** काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन शाहले स्थानीय खानेकुरालाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका छन् । शनिबार स्वयम्भू महोत्सवको उद्घाटन गर्दै उनले नेपालको विशेषता भनेकै स्थानीय खानेकुरा, संस्कृति, धर्म, कला भएको बताए ।

स्थानीय पहिचान र सम्भावना प्रवर्द्धनका लागि काठमाडौँ महानगरपालिका अन्तर्गत वडा नं १५ को आयोजनामा एक हप्ते स्वयम्भू महोत्सव आजबाट सुरु भएको छ ।

महोत्सवले नेपालको संस्कार, संस्कृति, धर्म, कला र परिकारहरूको प्रवर्द्धन गर्ने बताउँदै उनले युवा पुस्तालाई स्थानीय परिकार, धर्म, संस्कृति र कलाको महत्त्व बुझाउनसके नेपालले धेरै प्रगति हासिल गर्ने बताए ।

'हाम्रो विशेषता नै यही हो । हाम्रो धर्म संस्कृति, कला र खाने परिकार सँगसँगै जाने भएकाले यस्तो महोत्सवले यि तीन वटै कुरालाई प्रचार प्रसार गर्ने र नयाँ पुस्तालाई पनि हाम्रो परिकार के हो भन्ने बुझाउने मौका पनि हो,' मेयर बालेनले भने, 'अहिलेको नयाँ पुस्तालाई यो खानेकुरा खाँदा के असर गर्दछ, यसमा क्याल्सियम छ की छैन ? प्रोटिन छ की छैन । यस्तो कुराको जानकारी एकदमै लिन खोज्छ । हाम्रो स्थनीय परिकारहरुमा न्युट्रिसियन भ्याल्युहरु एकदमै धेरै हुन्छ । धेरै हुन्छ भन्नेकुरा हामीले प्रचार गरिरहेका हुँदैनौं ।'

उनले नेपाली परिकारहरू धेरै नै पौष्टिक रहेको उल्लेख गर्दै अहिले विदेशीहरूले सिको गरेर खाने गरेको बताए ।

'हाम्रो स्थानीय उत्पादनहरुमा के कति पाइन्छ भन्नेकुरा बिस्तारै नयाँ पुस्तालाई भन्दै गए हाम्रो खानेकुराप्रतिको आकर्षण अझै बढ्छ । हाम्रो खाना, हाम्रो खाजा यति सम्पूर्ण छ, अहिले विदेशीहरूले कुरा बुझ्दै हाम्रो खाने कुराहरू अपनाउन थालेका छन् । यसलाई प्रवर्द्धन गर्दै जानुपर्छ,' बालेनले भने ।

## प्रथम महिला शाक्यले भनिन्– 'ओलीजति मिहिनेती अरु छैनन्'



**काठमाडौँ–** प्रथम महिला राधिका शाक्यले प्रधानमन्त्री केपी शर्मा ओलीको मिहिनेतको प्रशंसा गरेकी छन् ।

शनिबार काठमाडौँमा आयोजित आफ्नो आत्मकथा 'करुणा' लोकार्पण समारोहमा उनले कतिपयले ओलीलाई अल्छी भनेरे गर्ने गरेको टिप्पणी गलत भएको बताइन् ।

ओलीलाई कतिपयले अल्छी भन्ने, एताको सिन्को उता नसार्ने भनेर कमेन्ट गर्ने गरेको आफूले पनि सुनेको भन्दै उनले यो प्रशंग कोट्याएकी थिइन् ।


'मलाई भन्न मन लागेको छ । हिजो बिहानदेखि आज बिहान साढे चार बजेसम्म उहाँ काम गरिरहनुभएको थियो । उहाँ कोठामा आउँदा साढे चार बजे, सायद सुत्दा बिहान पाँच बजेको थियो होला,' उनले प्रश्न गरिन्, 'उहाँलाई सक्रिय भन्ने कि निष्क्रिय ?'

उनले ओलीजस्तो मिहिनेती मान्छे विश्वमै नभएको बताएकी छन् । 'मेरो परिभाषामा त उहाँजस्तो सक्रिय मान्छे नेपालमा मात्र होइन विश्वमा पनि छैन होला,' उनले थपिन्, 'उहाँको जीवनको आधाआधी समय ३७, ३८ वर्ष त उहाँको एकदम नजिक बसेर, उहाँका सम्पूर्ण गतिविधि हेर्दै आएको साथी हुँ नि । मैले जति त उहाँलाई कसले बुझेको होला र भन्ने मलाई लाग्छ ।'

कमेन्ट गर्न पायो भन्दैमा, होच्याउन पायो भन्दैमा अलिकति पनि नमिल्ने ढंगले कमेन्ट गर्नु ठीक नभएको भन्दै उनले कमेन्ट पनि सत्यताको नजिक पुग्नुपर्ने बताइन् ।

## भारतबाट सेतो अन्डा तस्करी, नेपाली अन्डाको मूल्य घट्यो

**काठमाडौँ–** भारतीय अन्डा अवैध रूपमा आयात भएपछि नेपाली कुखुरा किसानले अन्डाको मूल्य घटाएका छन् । नेपाल लेयर्स कुखुरा पालक संघको बिहीबार बसेको बैठकले अन्डाको भाउ घटाउने निर्णय गरेको हो ।



संघका अध्यक्ष विनोद पोखरेलका अनुसार नेपाली बजारमा विशेष गरी सीमा जोडिएका बजारमा नेपाली अन्डा बिक्री हुन छाडेपछि किसानले भाउ घटाउन परेको हो ।

'अहिले बजारमा ३० प्रतिशत अन्डा भारतबाट तस्करी भएर आएको छ । हामीले लागत मूल्यमा बेच्दा पनि बजार पाउने स्थिति छैन । खुल्ला सिमाना र अनुगमन फितलो हुँदा नेपाली किसानहरू मारमा परेका छन्,' अध्यक्ष पोखरेलले अन्डाको मूल्य घटाउनुको कारणबारे भन्दै गुनासो गरे ।

संघका अनुसार यसअघि २१ माघमा ठूलो अन्डा मूल्य प्रतिक्रेट ४ सय रुपैयाँ थियो भने आजबाट ३७० रुपैयाँ प्रतिक्रेट पर्ने छ । यस्तै, ३८५ रुपैयाँ प्रतिक्रेट रहेको मिडियम अन्डाको मूल्य अब ३५० रुपैयाँ प्रतिक्रेट पर्ने भएको छ ।

दुई दिनअघि सुनसरीको कोशी गाउँपालिकामा बर्ड फ्लू पुष्टि भए पनि नियन्त्रणमा आइसकेकोले त्यसको असर नपरेको उनले बताए ।

## मुकुमलुङ क्षेत्रमा यस वर्षकै बाक्लो हिमपात

**फुङ्लिङ्–** ताप्लेजुङको पाथीभरा (मुकुमलुङ) क्षेत्रमा यस वर्षकै बाग्लो हिमपात भएको छ । शुक्रबार राति ३७९४ मिटर उचाइमा रहेको पाथीभरालगायत क्षेत्रमा बाग्लो हिमपात भएको हो ।

पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी तथा स्तानीय राजेन्द्र महतका अनुसार गत पुस महिना पहिलो पटक पाथीभरा क्षेत्रमा सामान्य हिमपात भएको थियो । त्यस्तै फागुन महिनामा दोस्रो पटक सामान्य हिमपात भएको थियो । शुक्रबार राति भने निकै बाग्लो हिमपात भएको छ । महतले भने, 'यसभन्दा अगाडि भएको हिमपात माथिल्लो फेदीसम्म पुगेको थियो । तर अहिले हिमपात काफ्ले पाटीसम्म पुगेको छ । यस वर्षकै बाग्लो हिमपात भएको छ ।'

पाथीभरा क्षेत्रमा बाग्लो हिमपात भएपनि पाथीभरा दर्शन गर्न जाने तीर्थयात्रीलाई भने प्रभाव नपरेको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए । उनका अनुसार पाथीभराधामबाट करिब दुई किलो मिटर पदमार्गमा फाइवरको छानो लगाएकाले हिमपात भए पनि तीर्थयात्रीहरू सहजै पाथीभारधामसम्म जान सक्नेछन् ।

विगतमा भने हिमपात हुँदा बाटो चिप्लने, पदमार्ग नै हिउले पुरेर नदेखिने हैरानी खेप्न परेको थियो । तर, विस्तारै विकास समितिले पदमार्गमा फाइबरको छानो लगाउन थालेसँगै हिमपात तथा पानी पर्दा समेत तीर्थयात्रीलाई सहज भएको स्थानीयको भनाइ छ । पाथीभारा क्षेत्र विकास समितिका अनुसार आज ३०० जना तीर्थयात्रीहरू पाथीभरा धाममा पूजापाठ गरेको समितिले जनाएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २७, २०८१ साल फागुन् १३ गते मंगलबार (Feb 25, 2025)

पृष्ठ १ बाट जारी

नेपाल मेडिकल...

जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने सवालमा निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताउँदै राज्यले चिकित्सा शिक्षाको विकास र प्रवर्द्धनमा तयार पारेको योजना, नीति र कार्यक्रमहरुमा निजी क्षेत्रले हातेमालो गरेकै कारण आज नेपालको चिकित्सा शिक्षा विश्व बजारमा विस्वसनीय र सम्मानीत बन्न पुगेको बताउनु भएको छ ।

उहाँले मुलुकको स्वास्थ्य सेवामा सरकारी तवरबाट ४० प्रतिशत योगदान पुर्याउँदा निजी क्षेत्रले ६० प्रतिशत योगदान पुर्याएको तथा चिकित्सा शिक्षातर्फ सरकारी तवरबाट २० प्रतिशत भूमिका निर्वाह गर्दा बाँकी ८० प्रतिशत योगदान निजी क्षेत्रको रहेको जिकीर समेत गर्नु भएको छ ।

स्वास्थ्य सेवामा पछिल्लो समय भित्रिएका नविनतम् स्वास्थ्य प्रविधिहरुलाई आत्मसात गर्दै विभिन्न विषयगत विज्ञ स्वास्थ्यकर्मीहरुबाट उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरेकोले नेपाल मेडिकल कलेज हरेक नागरिकका मन मस्तिष्कमा बस्न सफल भएको उहाँको भनाई छ ।

स्वास्थ्य सेवातर्फ कलेजले जनरल स्वास्थ्य सेवासँगै विशिष्टीकृत स्वास्थ्य सेवाहरु सञ्चालन गर्दै आइरहेको छ भने, नेपाल सरकार, विभिन्न निकाय र स्थानीय तहसँग समेत सहकार्य गरी स्वास्थ्य उपचार सेवामा जनताको पहुँच अभिबृद्धि गराउन विभिन्न प्रकारका स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

'कलेजमा नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष, गोकर्णेश्वर नगरबासी स्वास्थ्य सेवा, विपन्न नागरिक उपचार कार्यक्रम सञ्चालित छन् । यस्तैगरी, निःशुल्क क्यान्सर उपचार सेवा, हेमोडायलाइसिस सेवा समेत सञ्चालन गर्दै आइरहेको यस कलेजमा स्वास्थ्य मन्त्रालयले गरिब, विपन्न वर्गका लागि निर्धारण गरेको १० प्रतिशत निःशुल्क शैया समेत उपलब्ध रहेको जानकारी गराउँदछौं ।

कलेजले स्वास्थ्य सेवातर्फ बहिरंग सेवाबाट वार्षिक रुपमा करिब ३ लाख ५० जनालाई स्वास्थ्य सेवा दिइरहेको छ । भने, हरेक वर्ष करिब ४० हजारलाई अन्तरंग उपचार सेवा दिइरहेको छ ।' कलेजले जारी गरेको विज्ञप्तीमा भनिएको छ ।

दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्ने कर्ममा कलेजले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको बताउँदै हालसम्म एमविविएसमा २२६२ जना, विडिएसमा ३३५ जना एमडिरएमएस र एमडिएसमा ३२४ जना, सुपरस्पेशियालिटी अन्तरगत डिएम एमसीएचमा ८ जना, विएस्सी नर्सिङ र एमएस्सी नर्सिङमा २०८ जना दक्ष जनशक्ति उत्पादन गरिसकेको कलेजको दावी छ ।


अन्तराष्ट्रिय

# जापान सरकारद्वारा सहरी क्षेत्रमा आउने भालु मार्न पाउने व्यवस्था अनुमोदन

**काठमाडौँ** – जंगली जनावरसँग मानव मुठभेड भएका घटना बढेपछि जापानको मन्त्रिपरिषद्ले आफ्नो विवेकले भालुलाई गोली हान्न पाउने विधेयक शुक्रबार पारित गरेको छ ।

सन् २०२४ को अप्रिलसम्मको १२ महिनामा देशभर भालुले २१९ जनालाई आक्रमण गरेको र छ भने छ जनाको मृत्यु भएको थियो । जलवायु परिवर्तनले भालुको खाद्य स्रोत र शीत निष्क्रियता (हाइबरनेसन)को समयलाई प्रभावित गर्नुका साथै जन्मदरको कमीले आउने वृद्ध समाजका कारण जनावरहरू आहाराको खोजीमा बारम्बार शहरमा पसी आक्रमण गर्ने क्रम बढेको छ ।

आवश्यक प्रक्रियामा प्रशासनिक झन्झटका कारण हुने ढिलाइले जंगली



जनावरको आक्रमणबाट मानव जीवन नै जोखिममा पर्ने गरेको व्यापक गुनासोपछि सरकारले संशोधित वन्यजन्तु संरक्षण तथा व्यवस्थापन कानुनअन्तर्गत यस्तो जोखिमका समय 'आपतकालीन गोली हान्ने' अनुमति दिएको हो ।

वातावरण मन्त्रालयका एक अधिकारीले नाम नबताउने शर्तमा एएफपीसँग भने, 'वातावरण मन्त्रालयले आगामी महिनाहरूमा विधेयक संसद्मा प्रस्तुत गर्ने र शरद ऋतुअघि नै पारित गर्नेछ ।' हाल आवासीय क्षेत्रमा भालु वा बँदेलजस्ता जनावरलाई गोली हान्न निषेध गरिएको छ ।

जापानमा विद्यमान् कानुनी प्रावधानका कारण जनघनत्व भएको क्षेत्रमा भालु छिर्दा पनि यसलाई प्रतिकार गर्न गोली हान्नका लागि प्रहरीले सर्वसाधारणलाई अनुमति दिँदैन । गत डिसेम्बरमा उत्तरी जापानको एक सुपरमार्केटमा एउटा भालुले दुई दिनसम्म हुलहुज्जत गरेको थियो ।

यस आक्रमणमा एक ४७ वर्षीय व्यक्ति घाइते भएका थिए । जापानमा सन् २०२४ को अप्रिलसम्मको १२ महिनामा नौ हजारभन्दा बढी भालु मारिएका थिए ।

# ब्राजिलमा बस दुर्घटनामा विश्वविद्यालयका १२ जनाको मृत्यु

ब्राजिल – ब्राजिलको दक्षिणपूर्वी राज्य साओ पाउलोमा बस र ट्रक बीचको ठक्करमा विश्वविद्यालयका १२ जना विद्यार्थीको मृत्यु भएको र २१ जना घाइते भएको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

'बस र ट्रकको भयानक दुर्घटनामा १२ जना विद्यार्थीको ज्यान गएको यस त्रासदीको दुःखद समाचारबाट हामी जागा भएका छौँ', राज्यका गभर्नर टारसिसियो फ्रिटासले एक्समा लेखेका छन् ।

साओ पाउलो नागरिक सुरक्षा अधिकारीहरूले एक बयानमा बिहीबार राति भएको दुर्घटनापछि २१ जना घाइतेलाई अस्पताल लगिएको र अधिकांशलाई डिस्चार्ज गरिएको बताएका छन् । घाइतेमध्ये एक जना 'क्रेनियल ट्रामा' बाट पीडित थिए र अन्य तीन जनालाई अस्पतालमा भर्ना गरिएको छ र उनीहरूको अवस्था स्थिर छ ।

फ्रिटासले विद्यार्थीहरू दुर्घटना भएको बेला फ्रान्काको निजी विश्वविद्यालयबाट घर फर्कँदै गरेको बताए । राज्य सरकारको एक विज्ञप्तिमा ट्रक चालकलाई 'घटनास्थलबाट भागेको, लापरवाहीपूर्वक हत्या र




लापरवाहीपूर्वक शारीरिक क्षति पुऱ्याएको' आरोप लगाइएको छ ।

सन् २०२४ डिसेम्बरमा दक्षिणपूर्वी राज्य मिनास गेरैसमा बस दुर्घटनामा ४१ जनाको मृत्यु भएको थियो । उक्त दुर्घटना सन् २००७ पछि ब्राजिलको सङ्घीय राजमार्गहरूमा भएको सबैभन्दा खराब दुर्घटना थियो ।

# पाथीभरा केबलकार विवाद चर्कियो, एसएसपी नेतृत्वमा प्रहरी परिचालित

**विराटनगर**– ताप्लेजुङको पाथीभरा क्षेत्रमा केबलकारको विरोध र पक्षमा प्रदर्शन चर्किएपछि प्रदेश प्रहरी कार्यालयबाट प्रहरी वरिष्ठ उपरीक्षकको नेतृत्वमा टोली खटिएको छ ।

पाथीभरा मुकुम्लुङ क्षेत्रमा केबलकारको विरोधमा रहेको पक्षले बिहीबार प्रदर्शन गर्दै निर्माणस्थलमा प्रवेश गर्न खोजेपछि प्रहरीसँग झडप भएको थियो । झडपमा १२ प्रहरीसहित १३ जना घाइते भएका थिए ।

बिहीबार नै मानव अधिकारकर्मी र रेडक्रसकर्मी सवार गाडीमा नो केबलकार पक्षले आक्रमण गरेको थियो । सो समूहको आक्रमणबाट सवारी चालक घाइते भएका छन् । प्रहरीका अनुसार पाथीभरा क्षेत्रमा केबलकार बनाउनु पर्ने पक्ष र विपक्षमा रहेको समूह भेला भएका छन् ।

अवस्था जटिल बन्ने देखिएपछि प्रदेश प्रहरी कार्यालयबाट समन्वयका लागि प्रहरी वरिष्ठ उपरीक्षक भीमबहादुर दाहालको नेतृत्वमा टोली खटिएको हो । कोशी प्रदेश प्रहरी प्रमुख डिआइजी राजन अधिकारीका अनुसार दुवैपक्षसँग समन्वय गरेर अवस्था सामान्य बनाउनका लागि प्रदेशबाट टोली खटिएको हो । टोलीले पाथीभरा क्षेत्रको बस्तुस्थीति पनि अध्ययन गर्नेछ ।

पक्ष र विपक्षको समूह भेला भएपछि प्रहरीले पाथीभरा क्षेत्रमा उच्च सतर्कता अपनाएको छ



। प्रहरी स्रोतका अनुसार नो केबलकार पक्षका करिब ३ सय जना पाथीभरा क्षेत्रमा छन् । यो समूहमा राष्ट्रिय मुक्ती पार्टीका केन्द्रीय अध्यक्ष तथा पूर्वमन्त्री राजेन्द्र महतो पनि सहभागी छन् । केबलकार बनाउनुपर्छ भन्ने पक्षका करिब २ सय जना छन् ।

पक्षमा रहेको समूह केबलकार बनाउनुपर्ने अडानमा छ भने विपक्षमा रहेको समूह कुनैपनि हालतमा रोक्नुपर्ने अडानमा छ । पक्ष र विपक्षबीच झडपको स्थीति बनेपछि निर्माण क्षेत्रमा रहेको जेसिबी फिर्ता ल्याइएको छ ।

सरकारले गठन गरेको वार्ता समिति र नो केबलकार पक्षबीचको छलफल निष्कर्षमा नपुगेपछि पहिचानवादीहरु पाथीभरा क्षेत्रमा पदयात्रा गर्ने भन्दै पुगेका छन् ।

# यती एअरलाइन्समा उडान भर्दा क्रोकोडाईल लगेज तथा ब्यागप्याक उपहारमा पाईने

**काठमाडौं**– यती एअरलाइन्समा उडान भर्ने यात्रुहरुले क्रोकोडाईल लगेज तथा ब्यागप्याकमा हात खालि नजाने उपहार पाउने भएका छन् ।

फेब्रुअरी, मार्च र अप्रिल महिनामा यती एअरलाइन्सबाट यात्रा गर्ने यात्रुहरुले क्रोकोडाईल लगेजको खरिदमा ५० प्रतिशत सम्मको छुट प्राप्त गर्नेछन् । यती एअरलाइन्सबाट सन् २०२५ को कुनै पनि मितीमा उडान भरेका ग्राहकहरुले आफ्नो बोर्डिङ्पास क्रोकोडाईल लगेजका नजिकका आउटलेटमा जम्मा गरी यो छुट प्राप्त गर्न सक्नेछन् ।

यो छुट सन् २०२५ को डिसेम्बर ३१ तारिक सम्म रहनेछ । अनलाईनबाटै लगेज तथा ब्यागप्याक खरिद गर्न चाहने ग्राहकले भने क्रोकोडाईल लगेज नेपालको आधिकारीक फेसवुक पेज वा इन्स्टाग्राम पेज मार्फत खरिद गरि प्राप्त छुटको लागि डेलिभरीको समयमा यती एअरलाइन्सको बोर्डिङ पास ह्यान्डओभर गर्न सक्नेछन् ।

क्रोकोडाइल लगेजका आधिकारीक विक्रेता देशैभरी रहेका छन् भने ब्राण्डको फ्ल्यागसिप स्टोर भने काठमाडौंको कान्तिपथ र ललितपुरको कुपण्डोलमा रहेको छ ।

१९४७ मा स्थापना भएको क्रोकोडाईल लगेज तथा ब्याकप्याकको ग्लोबल ब्राण्ड हो । सन् १९९८ देखि नेपाली बजारमा निरन्तर विक्री वितरण भईरहेको क्रोकोडाईल प्रिमियम उत्पादन र एफोर्डेबल प्राईसिङ्का लागि आम उपभोक्ता माझ लोकप्रिय रहँदै आएको छ ।

पाँच वर्षका वारेन्टी प्रदान गरिएका क्रोकोडाईल नेपाली लगेज बजारको नेतृत्वकर्ता ब्राण्ड भएको बताउँदै कम्पनीका निर्देशक वासु सर्राफ भन्छन्, "हामीले दोश्रो पुस्ताको रुपमा लगेजकोब्यापार गरिरहेका छौं । गुणस्तरीय उत्पादन र उपभोक्ता सन्तुष्टिका लागि हामीले निरन्तर गरेको मिहेनतको प्रतिफल स्वरुप आज हामीले बलियो ब्राण्ड इमेज बनाउन सफल भएका हौं ।" उनी थप्छन्, "उपभोक्तालाई अझ एफोर्डेबल प्राईस उपलब्ध गराउन सकियोस् भनेर ब्राण्ड सँग विशेष अनुरोधमा यती एअरलाइन्सका यात्रुहरुलाई हामीले यो छुट प्रदान गर्न सफल भएका हौं ।"

यती एअरलाइन्स र क्रोकोडाइल लगेज विचको यो सहकार्यले यती एअरलाइन्सका यात्रुले पाउने विशेष छुटका अलावा प्रत्येक हप्ता क्रोकोडाइल ब्यागप्याक तथा प्रत्येक पन्ध्र दिनमा क्रोकोडाइल क्याविन लगेज उपहार स्वरुप जित्न सक्नेछन् ।

यती एअरलाइन्सले आफ्ना यात्रुहरु विच गर्ने लक्कि ड्र मार्फत विजेता घोषणा गरि उपहारहरु प्रदान गरिनेछ ।

# विक्रि सञ्जाल थप मजबुत गर्दै टीभीएस जनकपुरमा नयाँ शोरूमको उद्घाटन

**काठमाडौं**– विश्व बजारमैअत्यधिक रुचाइएको लोकप्रिय दुईपांग्रे सवारी साधन ब्रान्ड टीभीएसले जनकपुरमा आफ्नो नयाँ आधिकारिक डिलरशिपको भव्य समुद्घाटन गरेको गरेको छ ।

अत्याधुनिक सुविधा सम्पन्न यो शोरूम आर्यन अटोमोबाइल्सद्वारा सञ्चालित हुनेजानकारी दिइएको छ । उद्घाटन समारोहमा प्रतिष्ठित अतिथिहरू र उद्योगका प्रमुख व्यत्तित्वहरूको बाक्लो समुपस्थिति रहेको थियो ।

प्रदेश २ का माननिय मुख्यमन्त्री सतिश कुमार सिंहको प्रमुख आतिथ्यमा भएको उद्घाटन समारोहमा उहाँले यस्तो व्यवसायिक विस्तारले स्थानिय अर्थतन्त्रलाई बलियो बनाउन तथा रोजगारीका अवसर सिर्जना गर्न निकै महत्वपूर्ण योगदान दिने बताउनु भयो । कार्यक्रममा जेएमपीएलका कार्यकारी निर्देशक अखिल गुप्ता तथा आर्यन अटोमोबाइल्सका प्रबन्ध निर्देशक राम बालक महतोको पनि उपस्थिति रहेको थियो ।

उहाँहरूले कार्यक्रममा आफ्नो मन्तब्य ब्यक्त गर्दै जनकपुरका आफ्ना आदर्णिय ग्राहकहरूलाई विश्वस्तरीय सवारी साधन तथा सेवा अनुभव प्रदान गर्ने प्रतिबद्धता दोहोऱ्याएका थिए ।

"टीभीएस, नेपाली उपभोक्ताका लागि लामो समयदेखि भरपर्दो र नवीनतम प्रविधि सुसज्जित उत्पादनहरु प्रस्तुत गर्दै आइरहेको ब्रान्ड हो । उद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंह ले भन्नुभयो, "सञ्चालनमा



आएको यो नयाँ शोरूमले ग्राहकलाई उच्च गुणस्तरका दुईपांग्रे सवारी साधन सहज रूपमा उपलब्ध गराउनेछ, जसले स्थानीय यातायातको सुविधा सुधार गर्नेछ भन्ने मेरो विश्वास छ ।

ग्राहकहरु लाई सर्वोत्कृष्ट सेवा प्रदान गर्न आफ्नो विशेष ध्यान केन्द्रित रहेको जनकपुरको नयाँ टीभीएस डिलरशिपले मोटरसाइकल र स्कुटर हरूको विस्तृत रेन्ज, बिक्री पछिको भरपर्दो सेवा तथा सहज खरिद प्रक्रिया प्रदान गर्ने जनाएको छ ।

यसले ग्राहकहरूलाई आफ्ना आवश्यकताअनुसार उत्तम सवारी छनोट गर्न सघाउने प्रतिबद्धता ब्यक्त गरेकोछ । "टीभीएसले सधैं उद्योगमा नयाँ मानक स्थापित गर्दै आएको छ । यो नयाँ डिलरशिपले प्रदेश २ मा हाम्रो उपस्थिति बलियो बनाउनुका साथै ग्राहकहरूसम्म विश्वस्तरीय दुईपांग्रे सवारी सजिलै पुऱ्याउने हाम्रो प्रतिबद्धतालाई अझ मजबुत बनाउनेछ", जेएमपीएलका कार्यकारी निर्देशक अखिल गुप्ताले भन्नु भयो ।

त्यस्तै, आर्यन अटोमोबाइल्सका प्रबन्ध निर्देशक राम बालक महतो ले भन्नुभयो, "हामी जनकपुरका ग्राहकहरूलाई टीभीएसका अत्याधुनिक उत्पादन र सेवाहरू उपलब्ध गराउन निकै उत्साहित छौं ।

हाम्रो प्रमुख उद्देश्य भन्नु नैआदर्णिय ग्राहक बर्ग माझ सर्वोत्तम ग्राहक अनुभव प्रदान गर्नु हो । यसका लागि भरपर्दो सेवा र विश्वासनिय स्पेयर पाट्र्सको सुनिश्चितता प्रदान गर्न हामी प्रतिबद्ध छौं ।

टीभीएस ब्रान्ड नेपालका दुईपांग्रे सवारी साधनको बजारमा अग्रणी स्थानमा रहँदै आएको छ । नयाँ डिलरशिपले ग्राहकहरू, मोटरसाइकल पारखीहरू लगायतका लागि टेस्ट राइड, वित्तीय योजनाहरू तथा विशेषज्ञ परामर्श सुविधा उपलब्ध गराउने जानकारी दिइएको छ ।

# गायक युवराज कार्कीका तीन गीत चर्चामा




**काठमाडौं–** आधा दर्जन गीत गाएका गायक युवराज कार्कीका तीन गीत बजारमा रुचाइएका छन् । अरू गीत पनि उतिकै रुचाए पनि यहाँ चर्चा चाहिँ तीन गीतको चर्चा गरिएको छ । गायक कार्की आफ्ना दर्शक श्रोताबाट पाएको मायाबाट उत्साहित छन् ।

खोज अनलाइनसँग कुरा गर्दै गायक कार्की भन्छन् - मायालु बोलको गीत मेरो स्वरमा रेकर्ड भएको पहिलो गीत हो । यो गीतमा शब्द र सङ्गीत पनि मेरो आफ्नै रहेको छ । चन्चले नानी बोलको गीत पनि मेरो अर्को गीत हो । यस गीतमा शब्द र सङ्गीत मेरो आफ्नै रहेको छ । यस गीतमा मेरो र नव गायिका इन्दिरा खड्काको स्वर रहेको छ । हालै रिलिज भएको अर्को गीत "लेभल मिल्दैन" हो । यस गीतमा शब्द, सङ्गीत र स्वर मेरो आफ्नै रहेको छ ।

यस गीतको एरेन्ज विश्व अधिकारीले गर्नुभएको हो । यस गीतको म्युजिक भिडियो पनि बनेको छ । म्युजिक भिडियोमा सञ्जिप थापा मगर र ज्योत्सना घिमिरेले अभिनय गर्नुभएको छ । माया प्रेममा आर्थिक कुराले कुनै फरक पार्दैन भन्ने विषयलाई मध्यनजर गर्दै म्युजिक भिडियो बनेको छ ।

म्युजिक भिडियोका कलाकार तथा मोडेल सन्जिप मगर भन्छन् मेरो डेब्यु म्युजिक भिडियो "लेभल मिल्दैन " लाई माया गरिदिनुहुने सम्पुर्ण दर्शक महानुभावहरुमा मनैदेखि धन्यवाद भन्न चाहन्छु । मलाई लाग्छ कि कला र अभिनय क्षमता भएको हर कोही व्यक्ति एउटा बन्द कोठामा गुमनाम अवस्थामा नबसी दर्शकसामु आउनुपर्छ । आफ्नो क्षमतालाई प्रदर्शन गर्नुपर्छ । अभिनयमा अब्बल काम गर्ने कलाकार अवश्य पनि सफलताको विन्दुसम्म पुग्न सक्छ । हरेक व्यक्तिको सफलताको पछाडि उसको कर्मप्रतिको सकारात्मक सोचले नै काम गरेको हुन्छ । मलाई लेभल मिल्दैन गीतमा काम गर्न पाउँदा धेरै खुसी लागेको छ । यस गीतको म्युजिक भिडियो हेरेर आएको सकारात्मक प्रतिक्रियाबाट म उत्साहित छु ।

इन्दिरा खड्का सङ्घर्षरत नव गायिका हुन । चन्चले नानीमा उनको स्वर रहेको छ । युवराज कार्कीसँगै गायिका खड्काले यस गीतमा स्वर भरेकी छिन । गायिकाको इन्दिरा स्वर मन पराएर श्रोताहरूले सकारात्मक कमेन्टहरू गरिरहेका छन् । जसबाट गायिका खड्का खुसी छिन । भन्छिन् । सङ्गीत क्षेत्रमा प्रगति गर्न निरन्तर अभ्यासको जरुरी छ । अभ्यासले सुरिलो र कर्णप्रिय स्वरको विकास गर्न सकिन्छ । मलाई यस गीतमा अवसर दिनुहुने गायक युवराज कार्कीप्रति हार्दिक आभार व्यक्त गर्दछु । आगामी दिनमा यस्तै राम्रो गीतमा गाउने इच्छा छ ।

# दुर्गा बिरहीको शब्द,निर्देशनमा 'बाग्लुङ रामरेखा' सार्वजनिक



**काठमाडौं–** गीत संगीतमा दुर्गा बिरहीको फेरि उदयमान भएको छ भखरै मात्र उनको शब्द र भिडियो निर्देशनमा "बाग्लुङ रामरेखा" बोलको गीत सार्वजनिक भएको छ । उक्त गीत साङ्गीतिक दृष्टिकोणले निकै आकर्षक र विशेष बनेको छ । अहिले यो गीत निकै चर्चामा समेत आएको छ ।

गीतको शब्द र रचनामा कमल जी.सी र दुर्गा बिरहीको योगदान छ, जसले गीतलाई आकर्षक बनाएको छ भने गीतको संगीत कमल जी.सी र राजेश गन्धर्वले तयार गरेका छन्, जसले गीतलाई थप आकर्षक र सुमधुर बनाएको छ । गायिका शान्तिश्री परियार र कमल जी.सीको आवाजमा यस गीतको प्रस्तुतिले दर्शकलाई छमछम नचाएको छ ।

गीतको भिडियो निर्देशनमा दुर्गा बिरहीको महत्वपूर्ण भूमिका छ, जसमा कलाकार देवेन्द्र बब्लु, जुना विश्वकर्मा र सरिता डंकुटीले आफ्नो अभिनयका माध्यमबाट गीतलाई थप रोचक र आकर्षक बनाएका छन् । उनीहरूको अभिनयले गीतको भावलाई निकै प्रभावकारी ढंगले प्रस्तुत गरेको छ ।

बाग्लुङ रामरेखा बोलको गीत छोटो समयमै धेरै चर्चा कमाई रहेको छ र यो लोक भाकामा बनेको एक आकर्षक सिर्जना बनिसकेको छ । विशेष गरी दुर्गा बिरहीको भिडियो निर्देशनलाई प्रशंसा गरिएको छ, जसले गीतको सम्पूर्ण रूपलाई एक नयाँ परिप्रेक्ष्यमा प्रस्तुत गरेको छ । यस गीतको लोकप्रियता अझै बढ्ने आशा गरिएको छ र यसले नेपाली लोक संगीतमा नयाँ उचाइ ल्याउने विश्वास गरिएको छ ।

# गोकुलगंगा युवा सञ्जालको गीत सार्वजनिक

**बिनोद कार्की**

काठमाडौं- गोकुलगंगा युवा सञ्जालद्वारा बागमती प्रदेश स्तरीय अन्तर पालिका पुरुष भलिबल प्रतियोगिता फागुन १४ गतेबाट सुरु हुन गहिरहेको छ । सोही अवसरमा गोकुलगंगा युवा सन्जालले "बग्यो खिम्तीमा पानि सलल आयो गोकुलगंगा युवा सन्जाल" नामक गीत बजारमा सार्वजनिक गरेकोछ । यो गीत सार्वजनिक भएसँगै खेलाडीहरुमा जोस, जागर र उत्साहको लहर फैलिएको छ र गोकुलगंगा च्यापेनसिपको भव्य तयारी भइरहेको छ ।।

उक्त गीतको शब्द गोकुलगंगा युवा सन्जालका अध्यक्ष अनुज खड्काले लेखेकाछन् भने रामकृष्ण थापाको यारेन्ज, संगीत रहेकोछ । गीतमा आवाज चर्चित गायक रुपक डोटेल र गायिका सरिता बिश्वकर्माले आवाज दिएकाछन् । गीत गोकुलगंगा युवा सन्जालको फेसबुक पेजबाट सार्वजनिक गरिएको छ ।

बिभिन्न चलचित्रका गीत गाउदै आएका चर्चित गायक रुपक डोटेलले गोकुलगंगा युवा सन्जालको गीत पनि गायका हुन् उनले गायका प्रसाद फिल्मको गीत "बनकी चरी के भन्छे काफल खाउ भन्छे, फिल्म चंकेसँके पंखेको फेसबुकले,सानु माया" लगायत दर्जनौ चलचित्रका गीत र आधुनिक गीतगीतहरु निकै लोकप्रिय रहेकाछन् पाचँसय भन्दाबढी गीतमा आवाज दिइसकेका




डोटेलले गोकुलगंगा युवा सन्जालको गीत गाउदा आफ्नै जन्म भुमीको गीत गाय जस्तै महसुस भएको र रामेछाप भ्रमण गर्न मन लागेको बताएकाछन् । अहिले गोकुलगंगा च्याम्पेन सिप २०८१ को भव्य तयारी हुदै छ । आयोजकले खेलको तयारी तिब्र रुपमा गरिरहेकाछन् ।

गीत गोकुलगंगा युवा सन्जालको फेसबुक पेजबाट सार्वजनिक भएको छ गीत तत्काल सार्वजनिक गर्नु पर्ने भएकाले गीतको भिडियो सामान्य बनाएको गोकुलगंगा युवा सन्जालका अध्यक्षा अनुज खड्काले बताएकाछन् ।

# 'यो मन त मेरो नेपाली हो' फिल्मको तोकियो प्रदर्शन मिति

**काठमाडौं–** फिल्म "यो मन त मेरो नेपाली हो" को प्रदर्शन मिति घोषणा गरिएको छ ।

फिल्म २०८२ सालको असार २७ गतेबाट प्रदर्शनमा आउने भएको निर्माता ज्ञान बहादुर प्रधान (रोशन) ले जानकारी दिए । यसलाई आरआर फिल्मस् प्रा.लि.ले देशभरका हलमा वितरण गर्नेछ ।

यो फिल्ममा रोशन श्रेष्ठ, विजय बराल, विल्सन विक्रम राई, बुद्धि तामाङ, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता बर्देवा, देवराज राजवन्शी लगायत कलाकारहरूको अभिनय छ ।

अमेरिकामा रहेका साहित्यकार नर प्रधान (मित्र) को कथा तथा निर्देशनमा फिल्म बनेको हो । शिवम् अधिकारीको लेखन रहेको फिल्म ज्ञान बहादुर प्रधान (रोशन) ले निर्माण गरेका हुन् ।

पद्मा ईश्वर ईन्टरटेन्मेन्ट प्रा.लि.र नर प्रधानको प्रस्तुतिमा निर्माण भएको "यो मन त




मेरो नेपाली हो" ले विदेशमा रहेका नेपालीको कथालाई उठान गर्ने जनाइएको छ ।

# तुलसी घिमिरे विरामी भएपछि रोकिएको "पहाड"को छायांकन पुनः सुरू



निर्देशक तुलसी घिमिरेलाई निमोनिया भएपछि मुहूर्तको दिन केही दृश्य खिचेपछि रोकिएको फिल्म 'पहाड'को छायांकन पुनः सुरु भएको छ । निर्देशक घिमिरेले आफ्नो स्वास्थ्य अनुकूल भएपछि शुक्रबारदेखि पूर्वनिर्धारित तालिका अनुसार गोरखामा छायांकन भइरहेको जानकारी दिए । उनी विरामी भएपछि छायांकनका लागि गोरखा पुगेको फिल्मको टिम काठमाडौं फर्किएको थियो ।

'पहाड'बाट निर्देशक घिमिरेले आफ्नी कान्छी छोरी पञ्चमीलाई अभिनेत्रीको रुपमा डेब्यु गराएका छन् । यसमा पञ्चमीको जोडी अभिनेता अरुण क्षेत्रीसँग बाँधिएको छ । फिल्ममा मदनकृष्ण श्रेष्ठ, विपिन कार्की, सुनिल थापा, रेनुनाथ योगी, रवीन्द्रसिंह बानियाँ, सलोना बज्राचार्य लगायतले पनि अभिनय गरिरहेका छन् । यसमा विपिनको जोडी बनेर रेनुनाथ देखिँदैछिन् ।

युवा जनशक्ति विदेश पलायन हुँदा रितिँदै गएको पहाडी भूगोल र यसले ल्याउने सामाजिक तथा आर्थिक समस्यालाई फिल्मले कथावस्तु बनाएको निर्देशक घिमिरेले बताए । अहिलेको समाजको तीतो यथार्थलाई फिल्ममार्फत दर्शकसमक्ष पुऱ्याउन लागिएको उनको भनाइ छ । उनले भने, 'फिल्मले हाम्रो दायित्व र देशको आवश्यकतालाई चित्रण गर्छ ।'

ओजस्वी केसी निर्माता रहेको फिल्मलाई प्रमोद प्रधानले छायांकन गरिरहेका छन् । भारतमा फिल्म, वेब सिरिज तथा टेलिफिल्म छायांकन गरिसकेका छायाँकार प्रधानले यसअघि निर्देशक घिमिरेसँग 'अन्याय', 'कोसेली', 'चिनो' र 'दक्षिणा'मा सहकार्य गरेका थिए । उनी तीस वर्षपछि नेपाली फिल्म छायांकन गर्न नेपाल आएका हुन् ।

गोर्खा आसपासमा २५ दिन र भारतमा १५ दिन छायांकन हुने फिल्ममा रिम्पोछे लामा थिङ्ग र सुरेश लामा थिङ्ग सह-निर्मातामा छन् । भाग्यरत्न फिल्म्सको व्यानरमा निर्माण भइरहेको फिल्मको गीतमा रञ्जित गजमेरले सङ्गीत दिएका छन् । क्रिएटिभ निर्देशकमा भारती घिमिरे छिन् । निर्देशक घिमिरेकी जेठी छोरी भावना घिमिरेले फिल्ममा प्रोडक्सन डिजाइनरको जिम्मेवारी सम्हालेकी छिन् ।

# "कल्ली"को छायांकन सुरू, नाजिर र वर्षा श्रीमान-श्रीमती



निर्माण घोषणाको सात महिनापछि फिल्म 'कल्ली'को छायांकन सुरु गरिएको छ । आइतबार काठमाडौंको बौद्धस्थित एक घरबाट फिल्म खिच्न थालिएको हो । फिल्मका लागि पहिलो सट उत्तम प्रधान, नाजिर हुसेन र वर्षा राउतले दिएका थिए । यसमा नाजिर र वर्षा श्रीमान्-श्रीमतीको भूमिकामा देखिँदैछन् । ३५ दिनको सेड्युलमा फिल्मको छायांकन काठमाडौंपछि जुम्ला जिल्लामा हुनेछ ।

लक्ष्मण सुनारले निर्देशनको जिम्मेवारी सम्हालेको फिल्ममा सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, गीता अधिकारी, कुलदिप अधिकारी, बेगम नेपाली लगायतको पनि अभिनय रहनेछ । फिल्मको घोषणा हुँदा मुख्य भूमिकामा अभिनेता पल शाह थिए । पछि उनलाई हटाएर निर्माताले सौगातलाई लिएका हुन् ।

लेकाली इन्टरटेन्मेन्ट र कस्तूरी प्रोडक्सनको व्यानरमा निर्माण हुन लागेको फिल्ममा हिमाल कडरिया र अमलादेवी राईको लगानी छ । फिल्मको प्रस्तुतकर्ता किरण नेपाली हुन् । महेश दवाडीको लेखन रहेको फिल्ममा सरोज नेपाली कार्यकारी निर्माताको रुपमा छन् । निसाल पौडेलले फिल्मको छायांकन गरिरहेका छन् ।

१३ वर्षपछि फिल्ममा कमब्याक गरेका उत्तम प्रधानले कथावस्तु र चरित्र मन परेपछि 'कल्ली'मा जोडिएको बताए । उनले भने, 'यो फिल्मको कथावस्तु मलाई एकदमै मनपऱ्यो । मैले यसअघि गरेका फिल्मको भन्दा निकै भिन्न भूमिका रहेकाले पनि काम गर्न तयार भएँ । मलाई यो बीचमा थुप्रै फिल्मबाट अभिनयको प्रस्ताव आएको थियो । तर, भूमिका चित्त नबुझेका कारण काम गरेको थिइनँ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २७, २०८१ साल फागुन् १३ गते मंगलबार (Feb 25, 2025)

# आरजेडएम ब्रान्डका १५ र १६ सिटर ईभी भ्यान नेपालमा उपलब्ध




**काठमाडौं–** नेपाली बजारमा चीनको प्रसिद्ध कम्पनी शाङ्च आरजेडएम अटोद्वारा उत्पादित आरजेडएम ब्रान्डका १५ र १६ सिटर ईभी भ्यान भित्रिएका छन् ।

नेसनल मोटर्स र राठी ट्रेडिङले संयुक्त रुपमा आर जेडएम ब्रान्डका यी सवारी साधन नेपाल भित्र्याएका हुन् ।

एक कार्यक्रमका बिच नेसनल मोटर्सका म्यानेजिङ डाइरेक्टर सञ्जय कुमार अग्रवाल, राठी ट्रेडिङका म्यानेजिङ डाइरेक्टर दिनेश कुमार राठी र शाङ्च आरजेडएम अटोका इन्टरनेसनल जनरल म्यानेजर केन सुनले सहकार्यको घोषणा गरे ।

सो अवसरमा आरजेएम अटो नेपालका सीईओ मनोज खतिवडाले आरजेडएम ब्रान्ड नेपाल भित्र्याउनुका कारण र यसका फिचरका वारेमा चर्चा गरेका थिए भने नेसनल मोटर्सका एक्जिक्युटिभ डाइरेक्टर मनोज बिक्रम शाहले नेसनल मोटर्स र एसएमएल इसुजुको इतिहास तथा हालको अवस्था वारेमा बोल्दै नयाँ आरजेडएम ब्रान्ड थप गरिएको वारेमा चर्चा गरे । सो अवसरमा नयाँ ग्राहकलाई गाडीको साँचो समेत हस्तान्तरण गरिएको थियो ।

ईफाइभ (ई५) सिरिजको १५ सिटर ईभी भ्यानमा ५३.५८ किलोवाट आवरको सीएटीएलको थर्ड जेनेरेसन ब्याट्री प्रयोग गरिएको छ, जसले सिंगल चार्जमा जस्तोसुकै सडकमा पनि औसतमा २५० किलोमिटरको रेन्ज दिने प्रमाणित भएको छ । समतल सडकमा भने यसले ३०० किलोमिटर भन्दा बढी रेन्ज दिएको पाइन्छ । डब्लुएलटीपी अनुसार यसको रेन्ज ३०० किलोमिटर छ । यसको ग्राउन्ड क्लियरेन्स २०० एमएम छ । यसको पिक पावर १०० किलोवाट र रेटेड पावर ५० किलोवाट छ भने ३०० एनएमको टर्क छ ।

त्यसैगरी १६ सिटर आरफाइभ (आर५) मोडलमा अझै फराकिलो बडी सहितको संरचना छ । यसमा ७७.२८ किलोवाट आवरको सीएटीएलको थर्ड जेनेरेसन ब्याट्री प्रयोग गरिएको छ, जसले सिंगल चार्जमा ३६६ किलोमिटर (डब्लुएलटीपी) रेन्ज दिने दावी गरिएको छ । यसमा १२० किलोवाटको पिक पावर दिने मोटर भएकाले उकाली ओरालीमा सहजताका साथ जान्छ । यसको रेटेड पावर ६० किलोवाट छ भने टर्क ३५० एनएम छ ।

नयाँ प्रविधि अनुसार ६० किलोवाटको चार्जर प्रयोग गरी यी गाडीलाई ४५ मिनेटमै चार्ज गर्न सकिन्छ । पोखरा देखि काठमाडौं सम्म गरिएको परीक्षणमा यसले फुल चार्ज गर्दा ५१ प्रतिशत चार्ज बाकी भएकै अवस्थामा पोखरा पुगेको कम्पनीले बताएको छ । १८० एमएम भन्दा धेरै ग्राउन्ड क्लियरेन्स सहितका विशेषता भएको यो ईभी भ्यान लक्जरियस समेत भएकाले लामो यात्राका लागि उपयोगी हुन्छ ।

नेपाली सडकमा पहिले नै परीक्षण र सुधार गरेर उत्कृष्टता दिने प्रयास गरिएको कम्पनीको भनाइ छ । यी गाडीका सिट लेआउट र अन्य संरचना समेत नेपाली सडक सुहाउदो बनाइएको छ ।

हाल जेड४, आर४, आर५, आर६ र के सिरिजमा विशेष गरी बिजनेस, टुरिजम, प्यासेन्जर ट्रान्सपोर्ट र स्पेसल भेइकल मार्केटका लागि उपयुक्त सवारी साधन कम्पनीले उत्पादन गरिरहेको छ ।

चीनको जियाङसुमा अवस्थित दुई प्लान्टमार्फत विश्वका २३ देशमा आरजेडएम ब्रान्डका सवारी साधन बिक्री-वितरण भइरहेका छन् । यसैगरी ५ देशमा एसेम्बली र सीकेडी प्लान्ट रहेको छ । शाङ्च आरजेडएम अटो सन् २०१६ मा चीनको स्टक एक्सचेन्जमा सूचीकृत भएको शतप्रतिशत सरकारी स्वामित्वको कम्पनी हो । यसका कारण पनि कम्पनीको भविष्यमा कुनै शंका गर्नुपर्ने अवस्था नभएको कम्पनीको भनाइ छ ।

नेपाली बजारमा करिव ३८ वर्ष पहिले सन् १९८७ देखि तत्कालीन स्वराज माज्दा ब्रान्डका सवारी साधनमार्फत अटोमोबाइल व्यवसायमा प्रवेश गरेको नेसनल मोटर्सले हाल एसएमएल इसुजुका कमर्सियल सवारी साधन र अन्य अटोमोबाइल सम्बद्ध सामग्री बिक्री-वितरण गरिरहेको छ । स्कुल, कर्पोरेट क्षेत्र र फ्लिट ग्रुपहरुमा हाल यो ग्रुपले हजारौ सवारी साधन बिक्री गरिसकेको छ ।

हाल नेसनल मोटर्सका नेपालभर १२ भन्दा धेरै स्थानमा सर्भिस नेटवर्क उपलब्ध छ । अब आरजेडएमका लागि सर्भिस तालिम उपलब्ध गराउने र पार्ट्स ल्याउने कार्य समेत अगाडि बढेकोले ग्राहकहरुलाई बिक्री पछिको सेवा उपलब्ध गराउनका लागि कुनै समस्या नहुने दावी गरिएको छ ।

ई५ को मूल्य ५४ लाख २५ हजार रुपैयाँ तोकिएको छ भने आर५ को मूल्य ७३ लाख ५० हजार रुपैयाँ तोकिएको छ ।

# पोहोर जस्तै गाडी आयातको ट्रेन्ड : ७ महिनामा ६ हजार इभी भित्रियो, इन्धनका कति?

**काठमाडौं–** चालु आर्थिक वर्षको ७ महिनामा ६ हजार २५६ युनिट विद्युतीय प्यासेन्जर गाडी आयात भएको छ । यस्तै, २ हजार ६६८ युनिट इन्धन गाडी नेपाल भित्रिएका छन् ।

भन्सार विभागले बिहीबार प्रकाशित गरेको तथ्यांक अनुसार ७ महिनामा १४ अर्ब ७५ करोड रुपैयाँ बराबर को ६ हजार भन्दा धेरै इभी कार, जीप र भ्यान प्यासेन्जर गाडी आयात भएका छन् । यसबाट सरकारले ९ अर्ब ४ करोड रुपैयाँको राजश्व संकलन गरेको छ ।

गत वर्ष पनि सोही अवधिमा उस्तै संख्यामा प्यासेन्जर इभी आयात भएको थियो । गत वर्ष १५ अर्ब रुपैयाँ बराबर को ६ हजार १५९ युनिट गाडी आयात भएको थियो ।


यस्तै सोही अवधिमा ३ अर्ब ७७ करोड रुपैयाँ बराबर को २ हजार ६६८ युनिट इन्धन प्यासेन्जर सवारीसाधन आयात भएका छन् । यसबाट सरकारले ९ अर्ब ५३ करोड रुपैयाँ राजश्व संकलन गरेको छ ।

गत वर्षको तुलना यो वर्ष पनि इन्धन सवारीको आयात उस्तै नै छ । गत वर्ष सोही अवधिमा ३ अर्ब २९ करोड रुपैयाँ बराबरको २ हजार ५९३ युनिट प्यासेन्जर इन्धन सवारी साधन आयात भएको थियो ।

यो महिना १ अर्ब ६४ करोड रुपैयाँ बराबरको ७७६ युनिट इलेक्ट्रिक कार, जीप र भ्यान प्यासेन्जर कार मात्रै आयत भएका छन् । यसबाट सरकारले ९२ करोड २१ लाख रुपैयाँ कर संकलन गरेको छ ।

तर इन्धन प्यासेन्जर कार भने ३३ करोड ८३ लाख बराबरको ३०८ युनिट आयात भएका छन् । यसबाट ८२ करोड ४९ लाख रुपैयाँ राजश्व संकलन गरिएको छ ।

दुई पाङ्ग्रे सवारी साधनको आयात ७ महिनामा १४ अर्ब ९ करोड रुपैयाँ बराबरको १ लाख १७ हजार ८८ युनिट आयात भएका छन् । यसबाट सरकारले १२ अर्ब ३५ करोड रुपैयाँ बराबरको राजश्व संकलन भएको छ । यो महिना १३ हजार ८०२ युनिट आयात भएका छन् ।



# नाडाको सहयोगमा पोखरामा नाडा प्रिजेण्ट्स् वाडा अटो शो २०२५ आयोजना हुने

**काठमाडौं–** चैत्र १४ देखि १७ सम्म पोखराको प्रदर्शनीकेन्द्रमा नाडा प्रिजेण्टस् वाडा अटो शो २०२५ आयोजना हुन लागेको सन्दर्भमा त्यसका लागि वाडाले आजदेखि बुकिङ्ग खुल्ला गरेको छ ।

मिति २०८१ पौष २० गते काठमाण्डौमा नाडाले आफ्नो संस्थागत (प्रदेश) सदस्य पश्चिमाञ्चल अटोमोवाइल डिलर्स एशोसिएशन (वाडा) का पदाधिकारी तथा सदस्यहरु बिच पोखरामा पहिलो पटक वाडा अटो शो आयोजना गर्ने सम्बन्धमा काठमाणडौमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

प्रदर्शनीमा भाग लिने सम्बन्धी गरिएको सर्वेक्षणको आधारमा यस वर्ष पहिलो पटक पोखरामा वाडा अटो सो आयोजना गर्न लागिएको छ । नाडा प्रिजेण्टस् वाडा अटो शोमा २-पाङग्रे, ३-पाङग्रे, ४-पाङग्रे, लाइट कमर्शियल, हेभि कमर्शियल तथा मेसिनरी इक्युप्मेन्ट्स्, वित्तिय संस्था, इन्स्योरेन्स, अटो कम्पोनेन्ट्स् एवं ग्यारेज उपकरणहरुलाई समुह अनुसार छुट्टाइएको हुँदा सोही अनुरुप रजिष्ट्रेशन गर्न मिल्ने व्यवस्था मिलाइएको छ ।

NADA Presents WADA AUTO SHOW

वाडाका अध्यक्ष दिपेन्द्र कोइरालाका अनुसार अर्थतन्त्रमा राजस्व संकलन र रोजगारी सृजनाका लागि विषेश योगदान पुर्‍याउदै आईरहेको सवारी साधन क्षेत्रमा संलग्न उद्योगी, व्यवसायी, कर्मचारी एवं आम उपभोक्ताहरूलाई यस नाडा प्रिजेण्ट्स वाडा अटो शो २०२५ ले सकारात्मक उर्जा एवं नविनतम् प्रविधिहरुको साक्षात्कार गराउने वाडाले अपेक्षा समेत राखेको छ ।

यसै क्रममा नाडाले सम्भाव्यता अध्ययनगरी आफना प्रदेश एशोसिएशनहरु मार्फत नेपालका अन्य मुख्य मुख्य सहरहरुमा अटो प्रदर्शनीको आयोजना गर्नेछ ।

# श्री साई इन्टरप्राइजेजको मल्टी ब्रान्ड स्यानिटरी शोरुम विस्तार



**काठमाडौं–** काठमाडौंको सतुंगलमा अवस्थित श्री साई इन्टरप्राइजेजले अब मल्टी ब्रान्ड स्यानिटरी शोरुमको रुपमा थप व्यवसाय विस्तार गरेको छ । पहिले देखि नै ज्यागुअर, हिन्दवेयर र अन्य ब्रान्डको कारोबार गरिरहेको इन्टरप्राइजेजले अब कजारिया र अन्य ब्रान्डको समेत कारोबार गर्ने भएको छ ।

आयोजित एक कार्यक्रममा चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरी र विभिन्न वडाका वडाध्यक्ष लगायतले उक्त मल्टी ब्रान्ड शोरुमको उद्घाटन गर्नुभयो ।

सो अवसरमा मेयर गिरीले चन्द्रागिरि नगर क्षेत्रलाई उत्कृष्ट बनाउने नगरपालिकाको चाहना भएको र कुनै पनि घरको फिनिसिङका लागि गुणस्तरीय स्यानिटरी र अन्य सामग्री उपलब्ध गराउने कार्यमा यस प्रकारका शोरुमको महत्वपूर्ण भूमिका हुने बताउनु भयो ।

श्री साई इन्टरप्राइजेजका म्यानेजिङ डाइरेक्टर जगदिश पन्थीले चन्द्रागिरि नगरपालिका भित्रकै सबैभन्दा ठूलो मल्टी ब्रान्ड शोरुम शुभारम्भ गर्न पाएकोमा खुसी व्यक्त गर्दै कुनै पनि घर परिवारका लागि आवश्यक सामग्रीको वान स्टप सोलुसनका रुपमा उक्त शोरुम विकास गरिएको बताउनु भयो ।

उहाँले ग्राहक वर्गबाट पाएको लामो समय देखिको माया सदैव कायम रहने अपेक्षा गर्दै ग्राहक सन्तुष्टिमा सदैव लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

श्री साई इन्टरप्राइजेजलाई स्यानिटरी, टाइल तथा ग्रेनाइट एवम् पेन्ट लगायतका सामग्रीका लागि मल्टी ब्रान्ड शोरुमको रुपमा विकास गरिएको छ ।

शोरुममा विश्व प्रसिद्ध स्यानिटरी र टायल लगायतका सामग्री उपलब्ध गराउने कम्पनी ज्यागुअर, हिन्दवेयर र कजारिया लगायत कम्पनीका उत्पादन र एसियन पेन्ट्सका उत्पादन समेत उपलब्ध हुनेछन् । त्यसैगरी यही नै उत्पादन गरिएको जियो ब्रान्डका सामग्री समेत पाउन सकिने छ ।

उद्घाटनको अवसरमा अफर समेत सार्वजनिक गरिएको छ । श्री साई इन्टरप्राइजेजबाट कुनै पनि सामग्री किन्ने ग्राहकलाई भारी छुटमा ती सामग्री उपलब्ध हुने बताइएको छ ।

२०६९ साल देखि स्यानिटरी, टायल लगायतका सामग्रीको कारोबार गर्दै आइरहेको श्री साई इन्टरप्राइजेज हाल यो अवस्थामा आइपुगेको हो । युरोप र अमेरिकामा करिव १० वर्ष बिताएर नेपालमै केही काम गर्ने चाहनाका साथ जगदिश पन्थीले यो व्यवसाय थालेका थिए ।

हाल धेरै युवाहरुले यसमा प्रत्यक्ष रोजगारी समेत पाएका छन् भने अप्रत्यक्ष रोजगारी पाउने समेत धेरै छन् ।

सडकको संरक्षण गरौं

◆सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,

त्यसैले,

◆सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
◆निर्माण सामाग्री सडकमा नथुपारौं,
◆सडकमा सवारी साधन धुने नगरौं,
◆सडकका नालीमा अवरोध नगरौं,
◆सवारी आवागमनमा वाधा नपुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार